




छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com








वर्ष २६ • अंक १९० • २०८१ साल मंसिर २१ गते शुक्रबार (6 December, Friday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-


## जनकपुर बोल्ट्सको लगातार तेस्रो जित

**टुडे समाचारदाता**

काठमाण्डु। नेपाल प्रिमियर लिग (एनपिएल) मा बिहीबार भएको पहिलो खेलमा पोखरा एभेन्जर्सलाई हराउँदै जनकपुर बोल्ट्सले लगातार तेस्रो जित हासिल गरेको छ।

जनकपुरले पोखरामाथि ७ विकेटको जित हात पार्यो। १ सय ३९ रनको लक्ष्यमा जनकपुरले १७.१ ओभरमा ३ विकेट गुमाएर पूरा गरे।

जनकपुका लाहिरु मिलन्थाले सर्वाधिक ४५ रन बनाए। उनले ३२ बलमा ८ चौका प्रहार गरेका थिए। मिलन्था माइकल लिक्सको बलमा सागर ढकालबाट क्याच आउट भएका थिए।

एनपिएलमा १ सय ४४ रनका साथ मिलन्था सर्वाधिक रनकर्ताको शीर्ष स्थानमा रहेका छन्। उनले विराटनगर किंग्ससँगको पहिलो खेलमा ७५ तथा कर्णाली याक्ससँगको दोस्रो खेलमा २४ रन जोडेका थिए।

जिमी निशमले २० बलमा ५ छक्काको सहयोगमा नट आउट ४० रन जोडे। हर्ष ठाकरले १४ बलमा १ चौकाको सहयोगमा नट आउट १३ रन बनाए।

आसिफ शेखले ३४ बलमा ३ चौकाको सहयोगमा ३३ जोडेका थिए। ३३ रन बनाउँदै आसिफ कुशल भुर्तेलको बलमा ठूलो सट खेल्ने धुनमा विपिन खत्रीबाट क्याच आउट भए।

ओपनर तथा कप्तान अनिलकुमार शाह दोस्रो ओभरको दोस्रो बलमा विपीन खत्रीको बलिङमा एलबिडब्लु धरापमा परे। अनिलले ३ बलमा १ रन मात्र जोडेका थिए। पोखराका लागि माइकल लिस्क, कुशल भुर्तेल र विपिन खत्रीले समान १ विकेट लिए।



### आज सीताराम विवाह पञ्चमी महोत्सव

# मटकोर सम्पन्न, सीता स्वयम्वर आज

**टुडे समाचारदाता**

जनकपुरधाम। भगवान सीताराम विवाह महोत्सव धुमधामका साथ मनाइँदैछ। सीताराम विवाह पञ्चमी महोत्सवको मूल समारोह शुक्रबार बिहानदेखि सुरु हुनेछ।

बिहान जानकी मन्दिरमा विशेष पूजा हुनेछ। त्यसपछि मन्दिरको सरसफाई गरिनेछ। मन्दिरमा दर्शन पूजा निरन्तर चलिरहनेछ। दिउँसो जानकी मन्दिरबाट स्वयम्वरका लागि माता सीताको डोला बाजागाजासहित रंगभूमि मैदान(बाह्रबिघा)का लागि प्रस्थान गर्नेछ। जानकी मन्दिरबाट डोला प्रस्थान गरेसँगै राम मन्दिरबाट फरक मार्ग भएर भगवान रामको डोला स्वयम्वरका लागि रंगभूमि मैदान पुग्नेछ।

विवाह महोत्सवको दिन रंगभूमि मैदानमा भगवान सीतारामको स्वयम्वर हुने चलन छ। त्रेता युगमा सीता स्वयम्वरको दर्शन गर्न सबै भगवान विभिन्न रुप धारण गरी जनकपुरधाममा आएको रामायणमा वर्णन गरिएको छ। भगवान रामको डोलालाई भगवान जानकीको डोलाले परिक्रमा गर्छ। पुष्पवृष्टि गर्दै श्रद्धालुहरुले जयजयकार गर्छन्।

त्रेता युगमा देवताहरु आएको संस्मण गर्दै जनकपुरधाममा रहेका अधिकांश मठमन्दिरबाट भगवानहरुलाई रथ, डोलामा सजाएर बाजागाजा सहित रंगभूमि मैदानमा ल्याइन्छ। भगवान सीतारामको स्वयम्वर सम्पन्न भएपछि राम जानकीको डोलासहित विभिन्न मन्दिरका डोला, झाँकीहरु सहितको शोभायात्रा नगरपरिक्रमा गर्दै जानकी मन्दिरमा पुग्नेछ।



भगवान जानकीको डोला जानकी मन्दिर परिसरमा पुगेपछि वैवाहिक कार्यक्रम प्रारम्भ हुने उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवले बताए। मन्दिरको बाहिरी परिसरमा वैवाहिक कार्यक्रम अबेर रातिसम्म चल्नेछ।

मिथिलाको परम्परा अनुसार भगवान सीतारामको विवाह सम्पन्न गरिनेछ। वैवाहिक कार्यक्रममा लाखौँ श्रद्धालुहरुको सहभागिता रहने छ। जनकपुरधामको प्रायःसबै चोक, सडक र सार्वजनिक स्थलहरुमा श्रद्धालुहरु बास बसेका छन्।

भारतको अयोध्याबाट आएका जन्ती स्वयम्वर र वैवाहिक कार्यक्रममा सरिक हुनेछन्। अयोध्या राम मन्दिर ट्रष्टका सचिव चम्पत्त राय, विश्व हिन्दू परिषद् अयोध्याका महासचिव राजेन्द्र सिंह 'पंकज' लगायत पाँच सय बढी सन्तमहन्तहरु जन्तीको रुपमा जनकपुरधाममा छन्।

सीताराम विवाह महोत्सवको पाँचौ दिन बिहीबार भगवान जानकीको मटकोर गरिएको थियो। जानकी मन्दिरबाट जानकीको प्रतीकसहित शोभायात्रा पवित्र गंगासागर पुगेको थियो। हजारौँ श्रद्धालुहरुको सहभागिता रहेको मटकोर विधि मिथिलामा विवाहको पूर्व हुने अत्यन्त महत्वपूर्ण मानिन्छ।

मटकोरमा मन्दिरका उत्तराधिकारी महन्तलगायत पुजारी र मन्दिरका सखीहरुले मिथिला परम्परा अनुसारको विधिविधान पूरा गरे। मटकोर पूजा सम्पन्न भएपछि मात्र मिथिलामा विवाह हुने चलन छ। साताव्यापी सीताराम विवाह पञ्चमी महोत्सवको पहिलो दिन नगर दर्शन, दोस्रो दिन फूलवारी लीला, तेस्रो दिन धनुष यज्ञ चौथो दिन तिलकोत्सव र पाँचौ दिन मटकोर पूजाको विधि बिहीबार सम्पन्न भएको छ।

शुक्रबार विवाह उत्सव सम्पन्न भएपछि शनिबार रामकलेवा गरिनेछ। बेहुली पक्षको तर्फबाट जानकी मन्दिर परिसरमा अयोध्याबाट आएका जन्ती सहित सन्तमहन्त, श्रद्धालु भक्तजनहरुलाई विदाइ भोज गरिनेछ।

रामकलेवा पछि जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवले अयोध्याबाट आएका जन्तीहरुलाई स-सम्मानसहित दक्षिणा दिएर विदाई गरिने बताइएको छ। हरेक पाँच वर्षमा अयोध्याबाट विशेष झाँकी, रथसहितको जन्ती आउने चलन छ। यद्यपि हरेक वर्ष विवाह महोत्सवमा सहभागिताका लागि अयोध्याबाट ठूलो संख्यामा साधुसन्त, श्रद्धालु भक्तजनहरु आउने गर्छन्।

भगवान सीतारामको वैवाहिक कार्यक्रममा सहभागी हुन सबै लोकका देवदेवीहरु जनकपुरधाम आएको रामायणमा वर्णित छ। जन्ती सहित आएका महराज दशरथको स्नान र आवासको विशेष व्यवस्था गरिएको थियो। राजा दशरथ स्थान गर्ने सरोवर दशरथ तलाउ (महराज सागर) र त्यसको डिलमा दशरथ मन्दिर अझै विद्यमान छ।

माता सीताको आवास सुन्दर सदनमा पनि वैवाहिक महोत्सवको आयोजन गरिएको छ। कमलानदीबाट मटकोर गरी माटो ल्याइएको महन्त नवलकिशोर शरणले बताए। 'कमलानदीबाट मटकोर गरी माटो ल्याइएको छ 'उनले भने, शुक्रबार विवाहोत्सव कार्यक्रम हुनेछ।

जनकपुरधामको प्राय :सबै मठमन्दिरहरुमा विवाह महोत्सवको अवसरमा विशेष भजन कीर्तनहरु गरिएको छ। जानकी मन्दिरमा सहनाई गुञ्जयमान छ। जनकपुरधाम नै विवाहमय बनेको छ। नगरको हरेक घरलाई झिलीमिली बनाइएको छ।

संसारमै जनकपुरधाममा मात्र भगवान रामलाई गाली गर्दै मिथिलानीहरु विवाह उत्सव मनाइरहेका छन्। जनकपुरधाममा भगवान रामलाई गाली गर्दै मनोरञ्जन गराइँने चलन छ।







# 'नागरिकलाई सूचनाको हक कार्यान्वयनबारे सचेत गराउन आवश्यक'

काठमाण्डु । सरोकारवाला निकाय र सङ्घीय संसद्ले सूचनाको हकको प्रयोग गर्ने नागरिकको संख्या न्यून भएकामा चिन्ता प्रकट गरेका छन् ।

प्रतिनिधिसभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको विहिबारको बैठकमा राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङले नागरिकको तहसम्म सूचनाको हकसम्बन्धी जानकारी हुन नसक्नु आयोगका लागि चुनौती भएको बताउनुभयो ।उहाँले नागरिक आफैँले सूचना नमागेसम्म भ्रष्टाचार नियन्त्रण, जवाफदेहिता कायम गर्न, पारदर्शिता बढाउन सम्भव नभएकाले सूचनाको हक कार्यान्वयन चुनौती भएको बताउनुभएको हो ।

'सूचनामा नागरिकको पहुँचका लागि आयोगले खेलेको भूमिका, समस्या तथा चुनौती र भावी कार्यदिशा'का सम्बन्धमा आयोगसँगको छलफलमा समिति सदस्यहरुले नागरिकको घरघरमा सूचनाको हक पुग्ने किसिमको संयन्त्र विकास गर्न आयोगको ध्यानाकर्षण गराउनुभयो । समितिका सदस्यहरुले सार्वजनिक निकाय आफैँ खुला, पारदर्शी र जवाफदेही हुँदै सुशासन कायम गर्न सूचना प्रवाह गर्नुपर्ने संवैधानिक मर्म कार्यान्वयनमा जोड दिनुभयो ।

समिति सदस्य डा तोसिमा कार्कीले सूचनाको हकबारे नागरिकलाई सुसूचित गर्ने संयन्त्र बन्नुपर्नेमा ध्यानाकर्षण गराउनुभयो । उहाँले नागरिकले सूचना प्राप्त गर्नका लागि अपनाउनुपर्ने आवश्यक प्रक्रियाबारे सहज रुपमा जानकारी गराउनुपर्ने बताउनुभयो । "आयोग नागरिकसम्म पुगेको छ त ? देशभरका स्थानीय तहका नागरिकलाई सूचनाको हक प्रयोग गर्ने तालिम दिनु आवश्यक छ", उहाँले भन्नुभयो ।

अर्का सदस्य ईश्वरी घर्तीले सबै नागरिकले सार्वजनिक निकायबाट सूचना माग गर्ने र उनीहरुलाई सूचनाको पहुँचमा पुऱ्याउनतर्फ जोड दिनुभयो ।समिति सदस्य देवेन्द्र पौडेलले नागरिकले आधिकारिक निकायबाट समयमा सूचना नपाउँदा भ्रामक सूचनाको बिगबिगी बढेकोतर्फ सचेत गराउनुभयो। "सहरमा भ्रामक सूचना तथा समाचार भाइरल भइरहेको छ । अर्कातर्फ दुरदराजका नागरिकले सूचना नै नपाएको अवस्था छ", सांसद पौडेलले भन्नुभयो ।

विशेषगरी महिला तथा पिछडिएका वर्गमा सूचनाको हक पुग्न नसकेको प्रमुख सूचना आयुक्त गुरुङको भनाइ थियो । उहाँले पर्याप्त बजेट अभावले आफ्ना जिम्मेवारी र दायित्व पूरा गर्न बाधा पुगिरहेको उल्लेख गर्नुभयो । आयोगको कार्यक्षेत्र विस्तार गर्न पर्याप्त बजेट व्यवस्था गर्न समितिसँग माग गर्नुभयो । सूचनाको वर्गीकरण हुन नसकेको, सूचनाको हकलाई मूल प्रवाहीकरण गर्न नसकिएको र बजेट विनियोजनमा प्राथमिकता पाउन नसकेकोतर्फ उहाँले ध्यानाकर्षण गराउनुभयो ।

अ ा य ा ` ग ल ` लोकसेवा आयोगबाट प्रकाशित परीक्षामा परीक्षार्थीले प्राप्ताङ्क हेर्न पाउनुपर्ने बताउँदै आएको छ । यसका लागि सूचना आयोगले आदेशसमेत दिइसकेको छ । हालसम्म आयोगमा १० हजार पाँच ९३ पुनरावेदन परेको छ ।

आयोगका अनुसार ९६ दशमलव ७ प्रतिशत अर्थात् १० हजार दुई सय ७४ पुनरावेदन उपर फैसला गरी सूचना उपलब्ध गराइएको छ। यस्तै, स्थानीय तहबाट ७२ प्रतिशत पुनरावेदन प्राप्त भएको छ।

आयोगले हालसम्म सार्वजनिक निकायका ४४ प्रमुख तथा सूचना अधिकारीलाई कारबाहीका लागि सिफारिस गरेको छ । आयोगले पछिल्लो पाँच वर्षमा १७ जनालाई कारबाही गरेको छ । 'क' वर्गको बैंकका प्रमुख कार्यकारी अधिकृत, त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रारदेखि क्याम्पस प्रमुख र परीक्षा नियन्त्रण कार्यालय प्रमुख कारबाहीमा परेका छन् ।यस्तै सूचनादाताका संरक्षणसम्बन्धी तीन वटा उजुरीमा आदेश भइसेकेको आयोगले समितिलाई जानकारी गराएको छ ।रासस

# 'ठमेलमा पर्यटक आए, व्यापार बढेन'

काठमाण्डु । ठमेल भन्नासाथ विदेशी पर्यटकको जमघट हुने महत्वपूर्ण गन्तव्यका रूपमा चिन्ने गरिन्छ । हुन पनि नेपाल घुम्न आउने प्रायः पर्यटक सकेसम्म यहाँ पुगेकै हुन्छन् । विशेष गरी यहाँ पर्यटकीय 'सिजन' असोज-मङ्सिरमा पर्यटकको चहलपहल बाक्लै हुने गरेको छ । यसपटक पनि त्यस्तै देखियो तर यहाँका व्यापारी, व्यवसायीहरूले भने यसपटक ठमेलमा विदेशी पर्यटकको उत्साहजनक उपस्थिति देखिए पनि आर्थिक गतिविधि भने नबढेको बताएका छन् ।

ठमेल क्षेत्रका व्यवसायीको भनाइमा यो सिजनमा सङ्ख्यात्मक रूपमा बढी नै आए पनि खर्चालु (हाइन्ड) पर्यटक भने आएनन् । अर्थात् मुख्य पर्यटकीय सिजनमा ठमेल क्षेत्रमा विदेशी पर्यटक धेरै सङ्ख्यामा आए पनि उनीहरूबाट हुने आर्थिक गतिविधि विगतको तुलनामा सन्तोषजनक रहेन ।



ठमेलको सुस्मिता क्रियसन इन्टरप्राइजेजका प्रबन्ध निर्देशक नवराज थापा अघिल्ला वर्षको तुलनामा यो वर्ष खर्चालु पर्यटक नआएकाले व्यापार राम्रो नभएको बताउनुहुन्छ । "पर्यटकको उपस्थिति बाक्लै देखिन्छ तर किनमेल गर्ने खालका पर्यटक देखिएनन्", नौ वर्षदेखि यहाँ व्यवसाय गर्दै आउनुभएका उहाँले भन्नुभयो," यो सिजनमा खर्च गर्ने पर्यटक आएनन्, पर्यटक मात्रै आए । ट्रेकिङ पसलमा फाट्टफुट्ट व्यापार छ, अन्यमा खासै छैन । कहिलेकाही त सुको व्यापार हुँदैन ।"

ठमेलका सडक गल्ली र चौकमा विदेशी पर्यटक लस्करै भेटिन्छन्, सायद गन्तव्य घुमेर स्वदेश फर्किने तरखरमा छन् उनीहरू । व्यवसायी थापाका अनुसार भारत, चीन र बङ्गलादेशी नागरिकले ठुलो परिमाणमा पस्मिनालगायत सामग्री खरिद गर्ने गरे पनि युरोपियन र अमेरिकी पर्यटकले गुणात्मक अर्थात् महङ्गा सामान खरिद गर्छन् । पछिल्लो समय चिनियाँ सामग्री आएर यहाँको पस्मिना व्यापार पनि समस्यामा छ । "विगतमा नेपाली पस्मिना रुचाउने पर्यटक हाल नक्कली सामानको बिगबिगी भएकाले खासै किन्ने रुचि देखाउँदैनन् । ठमेलमा मात्रै डेढदेखि दुई सय हाराहारीमा रहेका यस्ता पसलमा उत्साहजन कारोबार छैन", व्यवसायी थापाले सुनाउनुभयो ।

ठमेलमा एक हजार दुई सयभन्दा बढी पसल रहेको बताइन्छ । आर्थिक समस्याले कतिपय व्यवसायीले सटर बन्द गर्नुपर्ने अवस्था आएको छ । यहाँ गोरखा भूकम्पबाट ओरालो लागेको व्यापार व्यवसाय अझै राम्रोसँग तङ्गिन सकेको छैन । भूकम्पअघि दैनिक रु ५० हजारदेखि एक लाख कमाएको अनुभव रहेका थापाले अहिले सिजनमै मुस्किलले रु १० हजार कमाइ हुने गरेको बताउनुभयो ।

कम्फर्ट मनिचेन्जर प्रालिका सञ्चालक लव अर्याल पनि पर्यटकीय सिजनमा विदेशीहरूको उपस्थिति बाक्लै देखिए पनि व्यवसाय उत्साहजनक नरहेको बताउनुहुन्छ । शरद ऋतु पर्यटनको मुख्य सिजन मानिन्छ । यसयाममा विशेषगरी पदयात्रा, पर्वतारोहण, मनोरञ्जनका लागि उल्लेख्य सङ्ख्यामा विदेशी नेपाल आउने गरेका छन् । ठमेल २४ सै घण्टा खुले पनि रात्रिकालीन व्यवसाय राम्ररी चलेको छैन । राति ठमेलका क्लब, डिस्को, डान्स र दोहोरी खुले पनि रक्सी पसलसमेत बन्द रहन्छन् । फाट्टफुट्ट सडकमा चिया र केही क्याफे खुलेका देखिन्छन् ।

ठमेलको सातघुम्तीमा विगत लामो समयदेखि नेवा कोल्डस्टोर सञ्चालन गरिरहेका अजय विन्दाकारको बुझाइमा पनि यो सिजनमा पर्यटक आए पनि व्यापार व्यवसाय छैन । "यसपटक मान्छे (विदेशी पर्यटक) छन् तर व्यापार व्यवसाय सन्तोषजनक छैन । आर्थिक मन्दीकै कारण पनि होला, किनमेल गर्ने पर्यटक छैनन् । होटलमा बासबस्ने र रेष्टुरेन्टमा सामान्य खर्च गर्ने पर्यटक मात्रै छन्", उहाँले भन्नुभयो । ठमेलको द नर्थफिल्ड क्याफेका कर्मचारी प्रकाशराज गिरी पनि यस सिजनमा पर्यटकीय चहलपहल रहे पनि होटल रेष्टुराको व्यापार राम्रो हुन नसकेको बताउनुहुन्छ ।

ठमेल पर्यटन विकास परिषद्का पूर्वअध्यक्ष भविश्वर शर्माले यो सिजनमा पर्यटक आए पनि आर्थिक गतिविधि उत्साहजनक नरहेको बताउनुभयो । "यसपटक बजेट टुरिस्ट धेरै आए, खर्च गर्ने पर्यटक आएनन् । पर्यटकको बसाइँ पनि कम भयो", उहाँले भन्नुभयो, "यसपटक मौसमले पनि साथ दिएन । गत असोज ११ र १२ गतेको अविरल वर्षापछिको बाढी पहिरोलगायत प्राकृतिक विपत्तिका घटनाले पर्यटन क्षेत्रमा नकारात्मक असर पऱ्यो ।"

विगत वर्षमा धेरै पर्यटकका कारण ठमेलका होटल भरिभराउ हुन्थे । सोही कारण मूल्य पनि बढ्ने गरेको सुनाउदै पर्यटन व्यवसायी शर्माले यस वर्ष त्यस्तो हुन नसकेको बताउनुभयो । उहाँले भन्नुभयो, "यो वर्ष मौषमले साथ दिएन, त्यसैमा खर्चालु पर्यटक नआएकाले ठमेलका व्यापार व्यवसायमा उत्साह देखिएन ।" शर्माका अनुसार ठमेलमा करिब १२ हजार व्यापारिक फर्म छन् । त्यसमा पदयात्रा र पर्वतारोहणका सामग्रीको कारोबार गर्नेहरू बढी छन् ।

होटल सङ्घ नेपालका महासचिव साजन शाक्यका अनुसार यसपटकको सिजनमा ठमेल क्षेत्रका होटलमा करिब ८० प्रतिशत 'अकुपेन्सी' थियो । यो सन्तोषजनक नै हो तर व्यापार भने विगतमा जस्तो उत्साहजनक हुन नसकेको उहाँको भनाइ छ । यतिखेर मुख्य पर्यटकीय सिजन सकिने सङ्घारमा छ । ठमेलको पर्यटकीय चहल-पहल पनि विस्तारै पातलिँदै गएको छ। विदेशी पर्यटक पदयात्रा, पर्वतारोहण र घुमफिर सकेर अहिले धमाधम स्वदेशतिर फर्किरहेका छन् ।

नेपाल पर्यटन बोर्डको तथ्याङ्कअनुसार सन् २०२४ को ११ महिनामा १० लाख ५५ हजार पाँच सय ३३ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका छन् । सन् २०२३ मा १० लाख १४ हजार सात सय ७८ विदेशी पर्यटक नेपाल आएका थिए ।रासस

# सुख्खायाममा पनि रोकिएन तिङ्लामा पहिरो, सयभन्दा बढी घर जोखिममा

सोलुखुम्बु । जिल्लाको सोलुदुधकुण्ड नगरपालिका-११ तिङ्लाको सारेलुकीचौर बस्ती अहिले पहिराको जोखिममा परेको छ । वर्षायाममा मात्र नभई सुख्खायाममा समेत पहिरो खस्न नरोकिएपछि गाउँ नै जोखिममा परेको हो ।

सोलुखोलाको माथिल्लो भागबाट सुरु भएको करिब पाँच सय मिटर लामो पहिरो बस्तीतर्फ सर्दैछ, जसले स्थानीयवासी त्रसित छन् । स्थानीय चित्रकुमारी कार्कीले जलविद्युत् आयोजना निर्माणका क्रममा निस्किएको माटो अनियन्त्रित रूपमा थुपारिँदा पहिरोको जोखिम थप बढेको बताउनुभयो । यसले बस्ती र जग्गा दुवै जोखिममा पारेको उहाँले बताउनुभयो । स्थानीय तेजबहादुर कार्कीले यस क्षेत्रमा ३० वर्षअघि पनि यहाँ पहिरो गएकामा उस्तै अवस्था दोहोरिन लागेको भन्दै फेरि स्थानीय त्रासमा रहेको बताउनुभयो । "वर्षायाममा त समस्या हुन्छ नै, यहाँ त सुख्खायाममा पनि पहिरो जाने गरेकाले समस्या भएको छ । यसको उचित व्यवस्थापन नभए बस्ती नै विस्थापित हुने जोखिम छ", उहाँले भन्नुभयो ।



सोलुदुधकुण्ड नगरपालिका-११ का अध्यक्ष टङ्कबहादुर कार्कीले पहिरोका कारण एक सयभन्दा बढी घर जोखिममा रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "हिउँदको समयमा समेत पहिरो गइरहेकाले गाउँ नै जोखिममा छ, यो पहिरो यही गतिमा बढ्दै जाने हो भने सय डेढ सय घरपरिवार विस्थापित हुने अवस्था आउँछ । पहिरो विस्तार हुँदै गइरहेकाले यसको रोकथामका लागि तत्काल काम गर्न आवश्यक छ ।" वडाध्यक्ष कार्कीले पहिराले स्थानीयको दैनिकी नै प्रभावित भइरहेको बताउनुभयो ।

स्थानीय चित्रकुमारी बस्नेतले पहिरोका कारण सुख्खायाममा पनि ढुक्कले सुत्न नपाएको सुनाउनुभयो । "राति निन्द्रा नै लाग्दैन । जहिले पनि पहिरोले हाम्रो घर पुरेर लैजान्छ कि भन्ने डरले हामीलाई सताइरहन्छ । बाउबाजेदेखिको सम्पत्ति भनेको यही घरबारी थियो, यही अवस्था रहेमा यो केही बच्नेवाला छैन", उहाँले दुःखेसो पोख्नुभयो ।

करिब ३० वर्षअघि सामान्य रहेको पहिरो यही मङ्सिर १२ गतेपछि मात्रै करिब पाँच सय मिटर फैलिएको उहाँले सुनाउनुभययो । स्थानीयका अनुसार पहिरोले नजिकै रहेको उतिसको जङ्गलसहित गोरेटो बाटोसमेत कटान गरिसकेको छ । त्यसभन्दा माथि रहेको खेतीयोग्य जमिन चिराचिरा भएको छ । पहिरो बस्ती नजिकको सडकछेउ पुगिसकेको छ ।

प्रमुख जिल्ला अधिकारी अनोजकुमार घिमिरेले पहिरो क्षेत्रको वस्तुस्थिति आँकलन गर्न जिल्ला सुरक्षा समितिको टोलीले पहिरोग्रस्त क्षेत्रको निरीक्षण गरेको बताउनुभयो । उहाँले जलश्रोत तथा सिँचाइ सब डिभिजन कार्यालय र ओखलढुङ्गाको भू-जलधार संरक्षण कार्यालयका विज्ञसहतिको टोलीले समेत पहिरोग्रस्त क्षेत्रको अध्ययन सुरु गरेको बताउनुभयो । "स्थानीय प्रशासन नागरिकको सुरक्षालाई प्राथमिकतामा राखेर आवश्यक सधैँ सचेत छ । पहिरो रोकथाम र नागरिकको जिउधनको सुरक्षामा हामी हदैसम्म गम्भीर छौँ, यसका लागि कुनै कसर बाँकी राख्ने छैनौँ तर समग्र अवस्थाको आँकलन गरी पहिरो रोकथामका लागि विज्ञ टोलीले थप अध्ययन गर्न आवश्यक छ । यसका लागि तिनै तहका सरकारबीच समन्वय गरी अगाडि बढ्नुपर्छ", प्रजिअ घिमिरेले भन्नुभयो । उहाँले हाल अध्ययनका लागि स्थलगत अवलोकन गरेका टोलीले प्रतिवेदन दिएपछि सोहीअनुसार आवश्यक काम गर्न जिल्ला प्रशासनले समन्वय गर्ने जानकारी दिनुभयो ।

स्थानीय नागरिक र सरोकारवाला पनि हालसम्म अध्ययनमा सङ्लग्न टोलीले समस्या समाधानका लागि उपाय खोज्नेमा आशावादी छन् । सो टोलीको सिफारिसको आधारमा थप अध्ययन वा रोकथामका काम अगाडि बढ्ने अपेक्षा गरिएको वडाध्यक्ष कार्कीले बताउनुभयो । "पहिरो विस्तार हुने क्रम हेर्दा सानोतिनो प्रयासले नियन्त्रण समस्या छ । त्यसैले तिनै तहका सरकारले एकीकृत रूपमा समस्या समाधानका लागि पहल गर्न आवश्यक छ । हामीले पनि आफ्नो तर्फबाट सबैको ध्यानाकर्षण गराइहेकै छौँ । समयमै समस्या समाधान नगरे ठूलो मानवीय र भौतिक क्षति हुनसक्छ । तिङलाबासी आफ्नो बस्तीको अस्तित्व जोगाउन राज्यको सक्रियता प्रतीक्षामा छौँ", उहाँले भन्नुभयो ।

सोलुखुम्बुका अन्य ग्रामीण क्षेत्रमा पनि पहिरोका जाने समस्या छ तर यहाँ भने सुख्खा मौसममा पनि पहिरो गइरहने भएकाले समस्या झन् जटिल बनेको हो । यसैले त्रासमा रहेका यहाँका स्थानीय आफ्नो थातथलोको संरक्षण र ज्युज्यान जोगाउन सरकारले तत्काल कदम चाल्नुपर्ने बताउँछन् ।रासस

# विद्युत् प्राधिकरणको जिन्सी शाखाबाट सात करोडका सामान हराए

बागमती । हेटौंडास्थित नेपाल विद्युत् प्राधिकरणको केन्द्रीय जिन्सी व्यवस्थापन शाखाबाट रु सात करोड बराबरका सामान गायब भएपछि वास्तविकता पत्ता लगाउन गठन भएको छानबिन समितिले संलग्न व्यक्तिलाई कारबाहीको सिफारिस गरेको छ।

विद्युत् प्राधिकरणको खरिद व्यवस्थापन महाशाखाबाट हेटौंडास्थित केन्द्रीय जिन्सी व्यवस्थापन शाखामा दाखिला भएका विद्युतीय सामान कर्मचारीको लापरबाहीका कारण गायब भएपछि प्राधिकरणले केन्द्रीयस्तरमा गठन भएको छानबिन समितिले रु सात करोड बराबरका सामान हराएका प्रतिवेदन दिएको प्राधिकरणको खरिद व्यवस्थापन महाशाखा प्रमुख जीतेन्द्रकुमार झाले जानकारी दिनुभयो ।




हेटौंडास्थित जिन्सी शाखाको तत्कालीन प्रमुख बुद्धकुमार कार्कीले वर्तमान प्रमुख रमेश पराजुलीलाई सामान बरबुझारथ गर्ने क्रममा अभिलेखअनुसारका सामान नपाइएपछि सामान हराएको वास्तविकता सार्वजनिक भएको हो।

"खरिद भएका सामानको अभिलेख छ, तर स्टोरमा अभिलेखबमोजिमका सामान छैनन्", महाशाखा प्रमुख झाले भन्नुभयो,-"अभिलेखमा भएका सामान कहाँकहाँ छन् भनेर खोज्दै जाँदा कतिपय सामान अन्य प्रदेशमा गएको पनि देखियो, तर रु सात करोड बराबरका सामान अझै गायब छन् ।" तत्कालीन शाखा प्रमुखलगायत कर्मचारीउपर कारबाही अघि बढाइएको महाशाखा प्रमुख झाले बताउनुभयो ।रासस

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु । |
| वृष | : नयाँ कार्य हुने । |
| मिथून | : पुरस्कार प्राप्त लाभ । |
| कर्कट | : बौद्धिक क्षमता । |
| सिंह | : प्रतिभा सम्पन्नता । |
| कन्या | : शिक्षामा उन्नति । |
| तुला | : पारिवाहिक सुख । |
| वृश्चिक | : धन वृद्धि सञ्चय । |
| धनु | : प्रेम प्रसंग, मित्र सुख । |
| मकर | : सुख समृद्धि हुने । |
| कुम्भ | : भ्रमण अवसर हुने । |
| मीन | : अवसर प्राप्त । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



विवाह पंचमीको पाँचौदिन मटकोर विधी मनाईदै । *तस्बिर : संजय कुमार यादव*

# महिलाविरुद्धको जुनसुकै प्रकृतिका हिंसा सह्य हुँदैन: गृहमन्त्री लेखक



काठमाण्डु । गृहमन्त्री रमेश लेखकले महिलामाथि हुने जुनसुकै प्रकृतिका हिंसा सह्य नहुने बताउनुभएको छ । विहिबार सिंहदरबारस्थित गृहमन्त्रालयमा ३३औँ अन्तर ाष्ट्रिय लैङ्गिक हिंसाविरुद्धको १६ दिन अभियानका सन्दर्भमा यहाँ कार्यरत २६ वटा नागरिक संस्थाले बुझाएको ध्यानाकर्षणपत्र बुझ्दै सरकार महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गर्न प्रतिबद्ध रहेको बताउनुभयो ।

वैदेशिक रोजगारीमा महिला सुरक्षाको विषयमा पनि आफू गम्भीर रहेको उल्लेख गर्दै उहाँले आप्रवासी महिला कामदारलाई शोषण र दुर्व्यवहारबाट जोगाउन सरकारका संयन्त्रहरु क्रियाशील रहेको जानकारी दिनुभयो ।

"पछिल्लो समय सामाजिक सञ्जाल, डिजिटल मिडियामार्फत पनि महिला प्रताडित छन्", गृहमन्त्री लेखकले भन्नुभयो, "लोकतन्त्रमा आलोचना, विरोध र धारणा राख्न पाइन्छ तर सभ्य र सुसंस्कृत ढङ्गबाट गर्नुपर्छ ।" उहाँले डिजिटल मिडियामा आइरहेको घृणात्मक अभिव्यक्ति र हिंसा, दुर्व्यवहार नियन्त्रणका लागि पहल भइरहेको बताउनुभयो ।

संविधानको भावना अनरुप समानुपातिक प्रतिनिधित्वलाई सुनिश्चित गर्न बन्दै गरेको एकीकृत निर्वाचन विधयेक सङ्घीय संसद्को आगामी अधिवेशनमा पेस हुने गरी गृहमन्त्रालय अघि बढेको मन्त्री लेखकको भनाइ थियो ।जातीय आधारमा हुने विभेद्, अपमान र सबैखाले हिंसा अन्त्यलगायतका १६ बुँदे ध्यानाकर्षण पत्र बुझाउन कोपिला नेपाल, विश्वास नेपाल, जागृती महिला महासङ्घ लगायतका २६ वटा संस्थाका प्रतिनिधि आएका थिए ।रासस

# उपनिर्वाचनको परिणामबाट एक्लै प्रतिष्पर्धा गर्ने आधार तयार भएको माओवादीको निष्कर्ष




काठमाण्डु । नेकपा (माओवादी केन्द्र)ले स्थानीय तहको उपनिर्वाचनको परिणाम उत्साहजनक भएको र यसले आगामी निर्वाचन एक्लै लड्ने आधार तयार गरेको निष्कर्ष निकालेको छ । पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को निवास खुमलटारमा बसेको केन्द्रीय कार्यालयको बैठकले यस्तो निष्कर्ष निकालेको हो ।

"आजको बैठकमा स्थानीय तह उपनिर्वाचनको प्रारम्भिक समीक्षा गरिएको छ । जितेका सिट सङ्ख्या र लोकप्रिय जनमत दुवै हिसाबले प्राप्त परिणामलाई उत्साहजन भएको निष्कर्ष निकालिएको छ", बैठकपछि प्रवक्ता अग्निप्रसाद सापकोटाले भन्नुभयो, "यसले अब आगामी निर्वाचनमा आफ्नै एजेण्डा र पहिचानसहित एक्लै निर्वाचन लड्ने आधार तयार गरेको छ भन्ने विहिबारको कार्यालय बैठकको निष्कर्ष हो ।" यसअघि पार्टीले जितेका रुकुमपूर्वको पुथाउत्तरगङ्गा र हुम्लाको सर्केगाड गाउँपालिका जोगाएर बाँकी पालिका र वडामा थप गर्नुका साथै लोकप्रिय जनमतका हिसाबले दोस्रो हुनुलाई माओवादी केन्द्रले उपलब्धिको रुपमा लिएको छ ।

"अन्य सबै दलहरु मिलेर गठबन्धन गर्दा पनि रुकुमपूर्वको पुथाउत्तरगङ्गा गाउँपालिकामा भारी मन्तान्तरले विजयी हुनु, त्यहाँको वडामा निर्विरोध हुनु, जाजरकोटको नलगाड नगरपालिका, मोरङको ग्रामथान गाउँपालिका, नुवाकोट, उदयपुर, गोरखा, धनुषा, डोल्पाका वडालगायत ठाउँमा भारी मतान्तरले विजयी हुनु, काठमाडौँको कीर्तिपुर नगरपालिकासहित १२ ठाउँमा उल्लेख्य मत पाउनुलाई जनतामा माओवादीप्रति बढेको विश्वास र उत्साहको रुपमा लिइएको छ", प्रवक्ता सापकोटाले भन्नुभयो ।

जनतासँग सम्बन्ध प्रगाढ बनाउन नसक्नुलाई कमजोरीका रुपमा लिँदै आफ्नो वर्गप्रति फर्कने अभियान सुरु गरेको प्रवक्ता सापकोटाको भनाइ छ । उहाँले भन्नुभयो, "यो उपनिर्वाचनले वृहत वामपन्थी एकीकरण र कम्युनिष्ट पार्टीको पुनःगठनका लागि हामीलाई थप आधार दिएको छ ।

अब यही २७ गते स्थायी समिति र त्यसपछि केन्द्रीय समिति बैठक बस्दैछ, त्यहाँ पनि समीक्षा हुनेछ । जिल्ला र प्रदेशहरुबाट पनि समीक्षा प्रतिवेदन आइरहेका छन् । हाम्रो प्रारम्भिक समीक्षाले परिणामलाई उत्साहवर्द्धन भनेको छ ।"

बैठकले पार्टीका पालिका सम्मेलन र पालिकास्तरका खबरदारी सभाहरुलाई प्रभावकारी बनाउने निर्णय गरेको छ। खबरदारी सभाका लागि केन्द्रीय नेताहरुलाई पालिकास्तरमा खटाउने निर्णय गरेको प्रवक्ता सापकोटाले जानकारी दिनुभयो ।रासस

# नेपाल-चीन सम्बन्ध अझ प्रगाढ भएको छ : प्रधानमन्त्री ओली


काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल-चीन सम्बन्ध अझ प्रगाढ भएको बताउनुभएको छ ।

प्रधानमन्त्री ओली जनवादी गणतन्त्र चीनको चारदिने औपचारिक भ्रमण सकेर विहिबार स्वदेश फर्किनुभएको हो । फर्किनुभएपछि अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै उहाँले भ्रमणले दुई देशबीचको सम्बन्ध अझ प्रगाढ भएको र त्यसबाट नेपाललाई लाभ हुने बताउनुभएको हो ।

"भ्रमणका क्रममा बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआइ) अन्तर्गत विभिन्न परियोजनाहरुको सम्झौता भएको छ, जुन सम्झौताबाट नेपालले अधिकतम लाभ लिने सक्नेछ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "हरेक परियोजनाअन्तर्गतपछि छुट्टै छलफल र सम्झौता गर्छौं ।"

नेपाल र चीनबीच बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआई) सहकार्यको फ्रेमवर्कमा सम्झौता भएको छ ।

बेइजिङमा भएको सम्झौतामा नेपालका तर्फबाट परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राई र चीनका तर्फबाट नेशनल डेभलपमेन्ट एण्ड रिफर्म कमिसनका उपाध्यक्ष लि सुशेले हस्ताक्षर गर्नुभएको थियो ।



प्रधानमन्त्री केपी ओलीले र उहाँका चिनियाँ समकक्षी लि छ्याङको उपस्थितिमा नेपाल र चीनबीच विभिन्न समझदारी भएको थियो । उक्त समझदारीमा दुवै देशका प्रधानमन्त्रीबीच द्विपक्षीय वार्तापछि पारस्परिक सहयोगसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको हो ।

नेपाल र चीनबीच टोखा-छहरे सुरुङमार्ग निर्माणसम्बन्धी समझदारीपत्रमा दुवै देशका सम्बद्ध अधिकारीले हस्ताक्षर गरेका छन् । त्यसैगरी नेपाल-चीन व्यापार अभिवृद्धिसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । चीनले काठमाडौंको वसन्तपुर स्थित नौतले दरबार पुनःनिर्माण सम्पन्न गरेको प्रमाणपत्रको आदानप्रदानका साथै भैंसीको मासु चीन निर्यातसम्बन्धी 'प्रोटोकल'मा समझदारी भएको जनाइएको छ ।

विकास आयोजनासम्बन्धी सम्झौता, आर्थिक तथा प्राविधिक सहयोगसम्बन्धी समझदारी, नगद सहयोगसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भई आदानप्रदान भएको छ भने स्वयंसेवी चिनियाँ भाषा शिक्षकसम्बन्धी समझदारी तथा नेपाल टेलिभिजन र चाइना मिडिया ग्रुपबीच सञ्चार प्रविधिसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

सम्पर्क सञ्जाल विस्तार, औद्योगिक तथा पूर्वाधार विकास, स्वास्थ्य क्षेत्रमा सहकार्य, कृषि, व्यापार, पर्यटन, लगानी, विज्ञान तथा प्रविधि, खेलकुद, प्राकृतिक प्रकोप व्यवस्थापन, दुई देशबीचको जनस्तरको सम्बन्ध, गरिबी निवारणलगायत क्षेत्रमा थप सहयोग आदानप्रदान गर्ने विषयमा समेत छलफल भएको बताइएको छ ।रासस

# स्वास्थ्य मन्त्रालयमा गुनासो सुनुवाई एकाइ गठन



काठमाण्डु । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले डा अनुप बास्तोलाको संयोजकत्वमा गुनासो सुनुवाई एकाइ गठन गरेको छ ।

उक्त एकाइमा संयोजक बास्तोलासहित सूचना प्रविधि निर्देशक रमेशराज सुवेदी, शाखा अधिकृत गौरीप्रसाद आचार्य र सूचना अधिकारी सदस्यको रुपमा रहेका छन् ।

स्वास्थ्य मन्त्रालय र मातहत निकायहरुको काममा सेवाग्राही तथा सरोकारवालाको गुनासो सुनुवाई गर्न, सुझावहरुको कार्यान्वयन र जिज्ञासाको सम्बोधन गर्न उक्त एकाइ गठन गरिएको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिनुभयो ।स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले यही मङ्सिर १६ गते गुनासो सुन्ने एकाइ गठन गर्ने निर्णय गर्नुभएको थियो । एकाइले सेवाग्राहीबाट प्राप्त गुनासो सङ्कलन गर्ने, गुनासो सम्बोधनका लागि सम्बन्धित महाशाखामा तुरुन्त पेश गर्ने जनाइएको छ ।रासस

# नेपाल–चीन पर्यटन प्रवर्द्धनको प्रयास

काठमाण्डु । नेपाल र चीनबीचको सम्बन्धलाई पर्यटनका माध्यमबाट पनि अझ सुमधुर गर्दै दुवै देशको भ्रमणमा एकअर्काका नागरिकलाई प्रेरित गर्ने उद्देश्यले पर्यटन व्यवसायी, विमान कम्पनीहरूसँगको साझेदारीमा बुधबार यहाँ चाइना कल्चरल सेन्टर (सिसिसी)द्वारा 'निहाओ चाइना' कार्यक्रम आयोजना गरियो ।

चीनको राष्ट्रिय ध्वजावाहक एयर चाइना, चाइना सदर्न एयरलाइन्स, चाइना इस्टर्न एयरलाइन्स र चाइना नेशनल टुरिष्ट कार्यालय काठमाडौँले संयुक्तरुपमा आयोजना गरेको कार्यक्रममा यहाँस्थित सिसिसी कार्यालयका निर्देशक सियाओ जियाङले कार्यक्रमका माध्यमबाट नेपाली पर्यटन व्यवसायीलाई चिनियाँ पर्यटन तथा त्यहाँका पर्यटकीय गन्तव्यबारे बुझ्न मद्दत पुगेको बताउनुभयो । उहाँले चिनियाँ र नेपाली पर्यटन व्यवसायीबीचको सम्बन्ध स्थापना, सूचना आदानप्रदान र भावी सहकार्यका निम्ति अवसर मिल्ने विश्वास व्यक्त गर्नुभयो ।




चाइना नेशनल टुरिष्ट अफिसका मोहन सुवालले पर्यटकीय उत्पादन, चिनियाँ खाना, सांस्कृतिक तथा ऐतिहासिक सम्पदा र चिनियाँ पर्यटनका अन्य सम्पदाको बारेमा जानकारी दिनुभएको थियो । कार्यक्रममा नेपाली पर्यटन व्यवसायीका साथै गुआङ्सी गुआङ्दा टुरिजम इन्भेष्टमेन्ट कम्पनी, तिब्बत यती इन्टरनेशनल ट्राभल सर्भिस र सिचुआन मिङ्यान ट्राभल एजेन्सीका चिनियाँ पर्यटक कम्पनीका प्रतिनिधिहरुको उपस्थिति थियो ।

नेपाल भ्रमण वर्ष २०२५ लाई सफल पार्न तथा नेपाल र चीनबीचको कूटनीतिक सम्बन्ध स्थापनाको ७०औं वार्षिकोत्सवका सन्दर्भमा द्विदेशीय पर्यटन प्रवर्द्धनका कार्यक्रम उपयोगी हुने कार्यक्रमका सहभागीहरूले व्यक्त गरेका थिए ।रासस

# उच्च मनोबलसहित प्रहरी सेवालाई प्रभावकारी बनाउँछु: महानिरीक्षक कुँवर

लेखनाथ । प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले उच्च मनोबलसहित प्रहरी सेवालाई थप प्रभावकारी बनाउँदै लैजाने बताउनुभएको छ ।

कास्कीको पोखरा महानगरपालिका-६ स्थित वडा प्रहरी कार्यालय बैदामको नवनिर्मित भवनको विहिबार उद्घाटन गर्दै उहाँले प्रहरी सेवालाई थप प्रभावकारी बनाउँदै जनताको सेवामा समर्पित हुने बताउनुभएको हो । अपराध नियन्त्रण प्रति शून्य सहनशीलता अपनाउँदै प्रहरी संगठनले काम गर्दै आएको बताउँदै समाजमा हुने सबै प्रकारका विकृतिको विरुद्ध प्रहरी सक्रिय भएर आफ्नो सेवामा जुट्ने प्रतिबद्धतासमेत उहाँले व्यक्त गर्नुभयो ।

पोखरालाई पर्यटकीय राजधानी घोषणा गरेसँगै कास्की प्रहरीमा थप जिम्मेवारी थपिएको बताउँदै उहाँले पर्यटकीय राजधानी कास्कीमा स्वदेशी तथा विदेशी नागरिकको सुरक्षा थप जिम्मेवार पूर्ण बनेको उल्लेख गर्नुभयो । उहाँले पर्यटकको सुरक्षामा पनि त्यतिकै ध्यान दिन कास्की प्रहरीलाई आग्रह गर्नुभयो ।

रात्रिकालीन व्यवसायको सुरक्षाका साथै पर्यटकमैत्री वातावरण बनाउने काममा पनि सुरक्षाकर्मी लाग्नु पर्ने उहाँको भनाइ छ । विपद्का घटनाप्रति चनाखो हुँदै जतिसक्दो छिटो उद्धारमा सुरक्षाकर्मी पुग्नुका साथै अपराध अनुसन्धान कार्यमा निश्पक्षता अपनाउन महानिरीक्षक कुँवरले आग्रह गर्नुभयो । देशभर अपराधका घटना वार्षिक रुपमा २० देखि २३ प्रतिशतले वृद्धि भएको तथ्याङ्कले देखाएकाले त्यसतर्फ प्रहरी संगठनको ध्यान केन्द्रित हुने उहाँको भनाइ छ ।



प्रहरी प्रधान कार्यालय भौतिक पूर्वाधार निर्देशनालयको रु १० करोड ६० लाखको लागतमा उक्त भवन निर्माण सम्पन्न भएको हो । चार वर्षको अवधिमा दुई चरण गरी सुविधा सम्पन्न प्रशासनिक कार्यालय, ब्यारेक भवन, हिरासत कक्ष र भान्छा घर निर्माण गरिएको जानकारी उक्त अवसरमा दिइएको छ ।रासस

# सञ्चारकर्मीलाई धम्की दिनु निन्दनीय: महासंघ

काठमाण्डु । नेपाल पत्रकार महासङ्घले सुनसरीस्थित धरान उपमहानगरपालिकाका प्रमुख हर्क साम्पाङले सामाजिक सञ्जालमार्फत सञ्चारकर्मीलाई धम्की दिएको विषयमा आफ्नो ध्यानाकर्षण भएको जनाएको छ ।

धरानका प्रमुख साम्पाङले नेपाल पत्रकार महासङ्घ सुनसरीका अध्यक्ष जनकऋषि राई र महासङ्घका राष्ट्रिय परिषद् सदस्य गोपाल दाहाललाई समाचारको विषयलाई लिएर धम्की दिनुभएको थियो ।

"समाचारप्रति चित्त नबुझे त्यसउपर कानुनी प्रक्रिया जाने वा प्रेस काउन्सिल नेपालमा उजुरी गर्न सकिने स्थापित प्रावधान छ । यसलाई



बेवास्ता गर्दै सार्वजनिक पदधारी प्रमुखजस्तो जिम्मेवार व्यक्तिबाट गरिएको यो हर्कत अन्यन्त निन्दनीय हुनुका सार्थै प्रेस स्वतन्त्रतामाथिको ज्यादती हो", महासङ्घका महासचिव रोसन पुरीले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

प्रमुख साम्पाङको उक्त शैलीले पत्रकारलाई पेसाप्रति हतोत्साहित र त्रसित बनाउनुका साथै विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकारमा समेत आघात पुग्ने महासङ्घको ठहर छ । महासङ्घले प्रेसको संवैधानिक अधिकारको सम्मान गर्न र यस किसिमका घटना दोहोरिन नदिने वातावरण निर्माण गर्न सम्बन्धित निकायसँग माग समेत गरेको छ ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# समन्वय आवश्यक

मधेश प्रदेशको दुई ठूला र अत्यन्त महत्वपूर्ण मेला एकै साथ आयोजना भएको छ ।जनकपुरधामको सीताराम विवाह महोत्सव र बारा जिल्लाको गढीमाई मेला एकै पटक परेको छ। पाँच वर्षमा लाग्ने गढीमाई मेला बली प्रदानका लागि संसारभरि नै प्रसिद्ध छ। गढीमाई मेला भर्न नेपाल र भारतका विभिन्न भागबाट लाखौंको संख्यामा श्रद्धालु आउने गर्छन्। एक महिनासम्म चल्ने मेलामा कयौं लाख श्रद्धालुहरुको सहभागिता हुने गर्छ। गढीमाई मेलामा राँगा, बोका, पशुपंक्षीलगायतको बली दिने चलन छ। मेलाको अन्त्यमा पहिलो एक दिन राँगा बली र दोस्रो दिन बोका, पशुपंक्षीलगायतको बली प्रदान गरिन्छ। गढीमाई मेला महिना दिन चल्ने भए पनि बली प्रदानको दिन सर्वाधिक भीड हुने गरेको छ। त्यसैगरि जनकपुरधामको सीताराम विवाह महोत्सवमा हरेक पाँच वर्षमा भारतको अयोध्याबाट जन्ती आउने गर्छ। त्यसले विवाह महोत्सवमा झन् भीड बढने गर्छ। हुन त सीताराम विवाह महोत्सव हरेक वर्ष आयोजना गरिन्छ। विवाह महोत्सवमा सहभागिताका लागि नेपाल र भारतबाट लाखौं श्रद्धालुहरु आउने गर्छन्। सीताराम विवाह महोत्सवमा तेस्रो मुलुकबाट पनि ठूलो संख्यामा हिन्दू श्रद्धालुहरु सहभागिता जनाउने गरेका छन्। सीताराम विवाह महोत्सवमा सहभागी हुन आउने श्रद्धालुहरुलाई गढीमाई मेलामा सहभागिताका लागि प्रयास हुन आवश्यक छ। गढीमाई मेला आयोजक समितिले जनकपुरधामको विवाह महोत्सव आयोजन समितिसित समन्वय गरी प्रचारप्रसार गर्न सके मेलामा श्रद्धालुहरुको आवागमन झन् बढ्ने छ। दुवै स्थलमा देवी स्वरुपा भगवानको पूजा गरिन्छ। सीताराम विवाह महोत्सव समितिले पनि त्यसका लागि पहल गर्न आवश्यक छ। भारत लगायत देशकै विभिन्न स्थानबाट विवाह महोत्सवमा सहभागिताका लागि आउने धेरैलाई गढीमाई मेलाको विषयमा जानकारी नहुन सक्छ। जनकपुरधाममा गढीमाई मेला र बारामा सीताराम विवाह महोत्सवको प्रचार गरिए भविष्यमा एक स्थानबाट अर्को स्थानमा श्रद्धालुहरु जाने क्रम बढ्ने निश्चित छ। त्यसका लागि मधेश प्रदेश सरकारको तर्फबाट ठोस पहल आवश्यक छ। प्रदेश सरकारले दुवै मेलाबीच समन्वय गरी श्रद्धालुहरुलाई एक ठाउँबाट अर्को ठाउँमा जाने वातावरण बनाउन सक्नु पर्छ। हुन त प्रदेश सरकारले दुवै मेला आयोजनको क्रममा भाषण बाहेक केही गरेको छैन। सरकारले आफै गेट, पण्डाल बनाउने नाउँमा बजेट हजम गर्न बाहेकको काम गरेको देखिएन। दुवै मेलाबीच समन्वय गरी एक ठाउँको श्रद्धालुहरुलाई अर्को ठाउँमा जाने वातावरण बनाउन सकिए कम्तिमा एक राती विश्राम बढनेछ। त्यसले व्यवसायिक गतिविधिमा उल्लेख्य वृद्धि हुनेछ। मधेश प्रदेशका अन्य स्थानहरुमा आयोजन हुने मेला अथवा पर्यटकीय स्थलहरुलाई एकअर्कासित जोड्नु आवश्यक छ। धार्मिक पर्यटकहरुलाई जति बढी समय प्रदेशको धार्मिक स्थलहरुमा घुमाउन सके व्यवसायिक कारोबार पनि त्यै रुपमा बढ्ने छ।

# वित्तीय साक्षरता र गरिबीको सम्बन्ध



अचुतकुमार ओझा

वित्तीय साक्षता कार्यक्रमहरुमा आजकल केही चल्तिका प्रश्नहरुमा छलफल हुने गरेको पाइन्छ। के कुनै पनि व्यक्तिसँग वित्तीय शिक्षा प्रर्याप्त छ भने ऊ धनी हुन्छ रु वित्तीय रुपमा साक्षर हुनु सम्पत्तिको मालिकका लागि हकदार हुनु हो रु वित्तीय साक्षरता भएर पनि मान्छे किन गरिब हुन्छ रु वित्तीय साक्षरताले भरिएकाहरु किन सीमित साधन स्रोतले आफ्नो जीविका धान्न बाध्य छन् रु स्वयम् साक्षरता सिकाउने व्यक्ति स्वतन्त्र छैन भने सिक्ने व्यक्ति स्वतन्त्र हुन सम्भव छ रु त्यसो हो भने केका लागि वित्तीय साक्षरता सिक्न आवश्यक छ रु यस्ता प्रश्नहरुलाई एक ठाउँमा राखेर हेर्दा आर्थिक स्वतन्त्रताको पहिलो पाइला वित्तीय साक्षरता हो तर यो पूर्ण र अन्तिम होइन भन्न सकिन्छ। यसैले भनिन्छ धनको नियम नै सपना, साक्षरता, सङ्कल्प र सङ्घर्ष हो।

मानिसले वित्तीय साक्षरताको माध्यमबाट सम्पन्नतासम्म पुग्ने बाटो पहिचान गर्न सक्छ तर बाटोको यात्रा यतिले मात्रै पूरा हुन सक्दैन। यसको लागि मार्गमा हिड्नु पर्छ, हिड्ने तयारी गरेर मात्रै गन्तव्यमा पुग्न सकिंदैन। केवल ज्ञानले मात्रै पुग्दैन, सँगसँगै अभ्यासमा जान नसक्ने हो भने मानिस वित्तीय ज्ञानी हुन सक्छ तर स्वतन्त्र हुन सक्दैन। हरेक ज्ञानलाई जबसम्म कार्यमा बदल्ने हिक्मत रहँदैन त्यो ज्ञानको कुनै अर्थ रहँदैन, त्यसले कुनै लक्ष्य भेट्न सक्दैन, त्यसले जीवनमा कुनै उपलब्धि ल्याउन सक्दैन। हामीले बुझ्नु पर्ने कुरा के हो भने कयौ शिक्षकले ज्ञान दिन्छन् त्यसलाई उ आफै कार्यमा रुपान्तरण गर्न लागि पर्दैन तर एउटा विद्यार्थी त्यही शिक्षकबाट प्राप्त ज्ञानलाई बजारको समस्या समधान गर्नको लागि कार्यमा रुपान्तरण गर्ने आँट गर्छ तब उ सफल भएर निस्कन सक्छ। तपाई आर्थिक सम्बृद्धि नभएका ज्ञान भएका व्यक्तिबाट नै शिक्षा लिएर त्यसलाई आयमा बदल्न थाल्नु भयो भने हो शिक्षा दिने व्यक्तिले स्वतन्त्रता नपाए पनि तपाईको आर्थिक स्वतन्त्रता कसैले रोक्न सक्दैन।

वित्तीय ज्ञान हुने बित्तिकै आर्थिक स्वतन्त्रता सम्भव छैन तर स्वतन्त्रताको लागि बन्द रहेका ढोका ढकढकाउने एउटै उपाय हो वित्तीय साक्षरता। तसर्थ वित्तीय साक्षरता भएर पनि मान्छे गरिब हुने गर्छ। मानिसभित्र रहने निम्न केही पक्षहरुले नै मानिस धनी वा गरिब हुने गर्दछ।

अभ्यास : आर्थिक स्वतन्त्रताको दृष्टिकोणले हेर्ने हो भने जबसम्म ज्ञानको चक्र तोडेर कर्ममा रुपान्तरण गरिदैन तबसम्म त्यो ज्ञान लाखौंपटक सिके पनि मानिस त्यही स्थानमा हुने छ, जुन स्थानमा उ ज्ञान लिनुभन्दा अगाडि थियो। त्यसैले तपाईंको सफलता कति पटक पढ्नु भयो, ज्ञान लिनु भयो वा सिक्नु भयोमा मात्रै निर्भर नभई त्यो ज्ञानलाई आफ्नो व्यवहारमा कति खरो ढङ्गले उतार्नुभयो कि भएन त्यसमा भर गर्छ। जब वित्तीय ज्ञान व्यक्तिले पाउँछ उ ज्ञानी त होला तर उसले त्यसलाई अभ्यासमा ल्याएन वा ल्याउन सकेन भने उ धनी हुन सक्दैन। यसैले मानिस वित्तीय ज्ञान भएर पनि गरिब हुने गर्छ। उदाहरणको रुपमा, एउटा व्यक्तिले पौडी खेल्ने सम्पूर्ण सैद्धान्तिक ज्ञान पटकपटक लिन्छ तर उ कहिले पौडी खेल्न अभ्यास गर्दैन भने के उसलाई कुनै खोलामा लगेर छोडिदिने हो भने पारि किनारामा पुग्न सम्भव छैन। हो वित्तीय साक्षरताले पनि मानिसलाई धनी हुनको लागि सिद्धान्त सिकाउँछ। यदि त्यसलाई पाउँछ, घाटा देख्छ, प्रतिस्पर्धी आफूभन्दा बलियो रहेको ठान्छ, आफू प्रतिस्पर्धा गर्न असक्षम भएको महशुस गर्छ, बजारमा टिक्नै नसक्ने कमजोर ठान्छ। यसले गर्दा कतै आफ्नो मूल धन नै गुम्ने त होइन, फलानो बिग्रेको, ढिस्कानो ओरालो लागेको जस्ता उदाहरण लिदै आफ्नो हुँदाखाँदाको सहज जीवन कतै नबिग्रियोस् बरु यति नै ठीक छ भन्ने डरका कारण जब वित्तीय ज्ञान भएर पनि मानिस आफ्ना सीमित कर्ममा खुम्चन चाहन्छ। त्यस्तो डरका कारण वित्तीय ज्ञान भएर पनि मान्छे गरिब हुन सक्छ।

लोभ : हरेक व्यक्तिमा आशा र लोभ हुने गर्छ। भलै कसैमा बढी होला, कसैमा कम हुने गर्छ तर प्रत्येक व्यक्तिभित्र लोभ छ भन्दा अन्यथा नरहला। जब मूल्य घट्न थाल्छ र पिंधमा आइपुग्छ अब कहिले बजार सुधार हुन सक्दैन भन्ने अत्यास देखापर्छ। तब आफ्नो सम्पत्ति कम मूल्यमा बेचबिखन गर्न तयार हुन्छन्। अब कहिले बजारमा नजाने भित्रभित्रै बाचा गर्छन् र घाटालाई स्वीकार्दै आफैंलाई धिकार्ने गरेको देखिन्छ। यसैले वित्तीय साक्षरता भएर पनि यस्ता मानिसहरु बढी लोभी हुँदा गरिब नै हुने गर्छन्।

अनुशासन : कुनै व्यक्तिलाई हरेक दिन आफ्नो खातामा रु ५० राखेर वर्षमा रु १८ हजार दुई सय ५० प्रिमियमको इन्सोरेन्स गर्नु भन्यो भने कति जना तयार होलान् रु वा वार्षिक रु २२ हजार प्रिमियम पर्ने तिरेर त्यही किन्न सक्नु हुनेछ भनियो भने मानिसले कुन स्किम छनोट गर्छ होला रु केही घाटा नै भए




अभ्यासमा ल्याउन नसक्ने हो भने मान्छे धनी हुन सक्दैन, त्यही पौडीबाज जस्तै हुनेछ। जबसम्म वित्तीय ज्ञानलाई अभ्यासमा रुपान्तरण गरिंदैन तबसम्म मान्छे गरिब नै रहन्छ।

डर : रोर्बटी कियोसाकीले 'धनी बुबा गरिब बुबा' पुस्तकमा भने जस्तै हरेक व्यक्तिको मनभित्र डररुपी चल्ला हुने गर्छ। आर्थिक निर्णय गर्दैगर्दा मान्छेले परिवार, आफ्नो भविष्य, समाजको दबाब, प्रतिस्पर्धा, आफन्तको सुझाव, आफ्ना मूल्य, मान्यता र जिम्मेवारीका कारण जोखिम भएभन्दा बढी असुरक्षित महसुस गर्छ। यही डरका कारण मानिससँग वित्तीय ज्ञान भएर पनि प्रतिफलको लागि जोखिम बहन गर्न डराउँछ र उसले त्यो कारोबार नै गर्दैन, जसले उसलाई भविष्यमा आर्थिक स्वतन्त्रता दिन सक्ने थियो। उसले हरेक क्रियाकलापमा नकारात्मकता मानिसहरुमा अत्यधिक लोभको मात्रा देखिन थाल्छ, तब उसले आफूले गरेका कारोबारहरुमा अझै मुनाफा हुने उच्च विश्वास राख्छ। यस्तो विश्वास तबसम्म भइरहन्छ, उसँग अझै धेरै कमाउने लोभ भइरहन्छ। यसले गर्दा उ आफूले खरिद गरेका वस्तुहरु बिक्री गर्न चाहँदैन। जब वस्तुको मूल्यले एउटा स्तर छुन्छ र फेरि ओरालो लाग्छ, त्यस समयमा यस्ता व्यक्तिहरु त्यसरी झरेको मूल्यबाट फर्किएर पहिला पुगेको उच्च विन्दुमा पुग्यो भने बिक्री गर्ने सोचमा पुग्छन्। त्यसपछि यथार्थमा बजारमा कारोबारको मूल्य बढ्न खोजेको जस्तो देखिन्छ तर पहिलाको उच्चविन्दुलाई भेट्न सक्दैन र त्यसैबाट तलतिर झर्न थाल्छ, तब वित्तीय साक्षरता भएर पनि आफूभित्रको लोभलाई नियन्त्रण गर्न नसक्दा यस्ता लगानीकर्ताहरु फेरि घाटामा बिक्री गर्न बाध्य हुन्छन्। यिनीहरुमा जब बजारमा पनि सजिलै अनुमान लगाउन सकिन्छ दोस्रो योजना छान्नेछ। पहिलो योजनाको लागि दोस्रोमा भन्दा बढी अनुशासनको जरुरी छ तर रु। तीन हजार सात सय ५० को फाइदा छ। मानिसले त्यो फाइदा थाहा पाएर पनि किन त्यसो गर्न चाहँदैन रु कारण एउटै छ मानिसले नाफाघाटा थाहा पाएर पनि उ आफू अनुशासनमा रहन नसक्दा महङ्गो खरिद गर्न तयार हुन्छ। मानौं कुनै खुत्रुकेमा दैनिक रु एकका दरले तीन सय ६५ दिन रु तीन सय ६५ जम्मा गर्नुहोस् भन्यो भने कति तयार हुन्छौं। हो अनुशासन भनेको यही हो। हरेक व्यक्ति एकैपटक रु तीन सय ६५ हालेर खुत्रुके भर्न सक्छ तर प्रत्येक दिन रु एक हालेर रु तीन सय ६५ जम्मा गर्न सक्दैन। वित्तीय ज्ञान भएका व्यक्तिहरुसँग पनि लामो समयसम्मका लागि अनुशासन हुन नसक्दा लगानी गुम्ने गरेका छन्।

# पुर्ख्यौली पेसाप्रति जलारी युवाको घट्दो रुचि

जमुना वर्षा शर्मा

फेवातालको किनारमा रहेका जलारी समुदायका लागि माछा मार्ने पेसा पुर्ख्यौली परम्परा मात्र होइन, जीविकोपार्जनको आधार पनि हो। तर, अहिलेका जलारी युवाहरूको रुचि भने पुर्ख्यौली पेसाभन्दा वैकल्पिक पेसा एवं रोजगारीतर्फ आकर्षित हुन थालेको छ। जलारी पोखराको फेवाताल आसपास बसोबास गर्दै आएको परम्परागत माछा मार्ने समुदाय हो। उनीहरूले आफ्नो मुख्य पुर्ख्यौली पेसा माछा मारेर र बेचेर जीविकोपार्जन गर्दै आइरहे पनि माछा उत्पादनमा आएको कमी, बजार व्यवस्थापनमा चुनौती र आधुनिक जीवनशैलीप्रतिको आकर्षणले यो समुदायको युवाले पुख्यौली पेसाप्रति कम रुचि देखाउन थालेका हुन्।

जलारी मत्स्य सहकारी सङ्घका अध्यक्ष ज्ञानबहादुर जलारीले परिवर्तित समयसँगै जलारी युवा पनि अन्य क्षेत्रतर्फ आकर्षित हुँदै गएको बताउनुभयो, "अहिलेका युवाहरु पढेलेखेको र यो बाहेकका पेसामा पनि आफ्नो भविष्य देख्न थालेपछि उनीहरुको पुर्ख्यौली पेसामा सीमित हुन चाहेका छैनन्, अर्कोतर्फ तालमा माछा उत्पादन घट्लै जान थालेपछि जीविकोपार्जनमा पनि समस्या हुन थाल्यो।" आफ्नो परम्परा र पुर्ख्यौली पेसामा नै आफ्नो समुदायका लागे हुन्थ्यो भन्ने लागे पनि पुस्ता हस्तान्तरण गरेर यसमा टिकाउन त्यति सहज नभएको उहाँको भनाइ छ। "आजका युवाहरूमा पुर्ख्यौली पेसाप्रति एक प्रकारको उदासिनता छ। तालको वातावरणीय सङ्कट र पेसाबाट आउने आर्थिक समस्याका कारण उनीहरूले पुर्ख्यौली पेसामा रुचि देखाउन छाडेका छन्", ज्ञानबहादुरले भन्नुभयो।

जलारी समुदायलाई पेसामा टिकाइराख्नको लागि राज्यस्तरबाटै व्यावसायिक प्रविधिको प्रयोग, ताल संरक्षण र सहकारीले माछा उत्पादनमा लगानी गर्नसक्ने दीर्घकालीन योजना आवश्यक रहेको उहाँको भनाइ छ। "युवा पुस्तालाई ताल र समुदायसँग जोड्न तालको दिगो व्यवस्थापन र आर्थिक रूपमा लाभप्रद बनाउनेतर्फ ध्यान दिन सकिएमा मात्र यो पेसा दिगो रूपमा बचाउन सकिन्छ", उहाँले भन्नुभयो। फेवाताल किनारमै जन्मेहुर्केर बाबुबाजेसँगै माछा मार्ने पेसालाई नजिकबाट नियालिरहनु भएका २० वर्षीय राजीव जलारी अहिले वैदेशिक रोजगारीको तयारीमा हुनुहुन्छ। "मेरै बुबा-हजुर बुबाको पुर्ख्यौली पेसा भए पनि म यसमा राम्रो भविष्य देख्दिन, यो हाम्रो पुर्ख्यौली पेसा हो, माछा मारेर हाम्रो परिवारले पुस्तौंदेखि जीविकोपार्जन गऱ्यो तर अहिले म यसमा भविष्य नदेखेर विदेश जाने तयारीमा छु।" राजीव भन्नुहुन्छ "माछा घट्दै गएको छ, ताल प्रदूषित छ, अनि तालमै निर्भर हाम्रो समुदाय आर्थिक रुपमा सक्षम हुन सकेको छैन, पेसालाई निरन्तरता मात्र दिने कि सुरक्षित भविष्य पनि हेर्ने ?" उहाँ प्रश्न गर्नुहुन्छ।

उहाँ थप्नुहुन्छ, "हामी जस्तै धेरै जलारी युवा वैकल्पिक पेसा खोज्दैछौं, यदि तालको संरक्षण, माछा उत्पादनमा वृद्धि र आधुनिक प्रविधिसँग युवालाई जोड्ने हो भने सायद हामीले पनि यो पेसा गर्वका साथ अगाल्न सक्थ्यौं तर अहिलेलाई यो पेसा जारी राख्न सक्ने आधार गुम्दै छन्। गुजारा टार्ने काम मात्र भएको छ। यही परिस्थितिले गर्दा मैले विकल्प खोज्न थालेको हुँ।" हर्पन फेवा मत्स्य सहकारी संस्थाका पूर्वअध्यक्ष एवं साइनो किचनका सञ्चालक शैलेन्द्र जलारीले आफ्नो समुदायको परम्परागत पेसालाई निरन्तरता दिन खोजे पनि आउने पुस्ताले रुचि देखाउन छाडेको बताउनुभयो, "पुर्ख्यौली पेसाप्रति हाम्रो अगाध प्रेम र लगाव छ तर तालको संरक्षण र माछा उत्पादन बढाउन ठोस् कदम नहुँदा वैकल्पिक पेसातर्फ युवाको आकर्षण बढ्न थालेको छ।" उहाँले समुदायको पेसालाई जोगाउन सरकारी तथा गैरसरकारी निकायबाट ताल संरक्षण र माछा उत्पादनको दीर्घकालीन योजना बनाइनुपर्नेमा जोड दिनुभयो।

माछा उत्पादन बढाउन पोखरा महानगरपालिका र अन्य केही संस्थाले प्रयास गरे पनि ती प्रयास प्रभावकारी हुन नसकेको उहाँको भनाइ छ। "तालमा माछाका भुरा छोड्न केही प्रयास भए पनि समुदायले व्यावसायिक रूपमा माछा उत्पादनको विकास गर्न पर्याप्त स्रोत र सीप पाएका छैनन्। यो पेसा दिगो रहनका लागि व्यावसायिक उत्पादन, तालको उचित संरक्षण, र प्रविधिगत सुधार आवश्यक हुन्छ।" उहाँले जलारी समुदायको परम्परागत पेसा जोगाउन जैविक विविधता, आर्थिक स्थायित्व र ताल संरक्षणका लागि दीर्घकालीन समाधान रणनीति आवश्यक रहेको बताउनुभयो ।फेवातालमा परम्परागत माछा मार्ने पेसा कठिनाइसँग जुधिरहेको बताउनुहुन्छ स्थानीय राजु जलारी। "मैले छ/सात वर्षदेखि माछा मार्न छोडेको छु। अहिले माछा खरिद गरेर विक्रीवितरण गर्दैछु तर तालमा माछा उत्पादन घट्दा यो व्यवसाय गर्न पनि अझै गाहे हुँदै गएको छ।" उहाँका अनुसार कुनै समय दिनमै एकसय ५० किलो माछा मारेको अनुभव छ तर अहिले मुस्किलले एक/दुई किलो मार्न पनि समस्या छ।



"माछा उत्पादन घट्न थालेको छ, माछाका भुरा बगाउने समस्या पनि उस्तै छ। तालछेउमा बसेर तराईबाट माछा ल्याएर बेच्नुपर्ने अवस्था आउनु भनेको दुःखद् हो, हाम्रो समुदायको भविष्य नै अन्योल छ।" उहाँले आफ्नो बीस वर्षीय छोराले पनि पुख्यौली पेसामा भविष्य नदेखेपछि विदेश जान तयारीमा रहेको बताउनुभयो। "आर्थिक रूपमा सुरक्षित भविष्य नदेखेपछि नयाँ पुस्ताले वैकल्पिक पेसा रोज्न थालेका छन्, योसँगै जलारी समुदायको परम्परागत पहिचान हराउने खतरा पनि बढेको छ।"आफ्नो पुर्ख्यौली पेसालाई आत्मसम्मानका साथ निरन्तरता दिन चाहे पनि पछिल्लो समय धेरै चुनौती थपिएको उहाँको भनाइ छ। नयाँ प्रविधि र व्यावसायिक दृष्टिकोणबाट माछापालनलाई मजबुत बनाउन सकेमा जलारी समुदायको परम्परागत पेशा बच्ने र आत्मसम्मानका साथ नयाँ पुस्ताले अँगाल्ने बताउनुभयो। प्राकृतिक रूपमा माछा उत्पादन गर्ने क्षमतामा आएको कमी, वातावरणीय असन्तुलन, प्रदूषण यसका प्रमुख कारण हुन्। यसले गर्दा माछा मार्ने पेसाबाट निरन्तरता नपाइने भएकाले नयाँ पुस्ताका लागि यो पेसा आकर्षक नरहेको उहाँको बुझाइ छ।

मत्स्य अनुसन्धान केन्द्र, पोखराका वरिष्ठ वैज्ञानिक डा मोहम्मद अकबाल हुसेनले जलारी समुदायका युवाको अन्य पेसा व्यवसायप्रति रुचि बढ्नु स्वभाविक भए पनि परम्परागत माछापालनलाई आधुनिक र व्यावसायिक बनाउन सकेमा युवाहरू पुनःयस पेसातर्फ आकर्षित गराउन सकिने बताउनुहुन्छ, "जलारी समुदायको हितका लागि आधुनिक सीप र प्रविधि आवश्यक छ, परम्परा र आधुनिकतालाई समन्वय गरेर आर्थिक सशक्तीकरणसँगै दिगोपना खोज्न नयाँ पुस्तालाई परम्परागत पेशाप्रति सकारात्मक दृष्टिकोण बनाउनुपर्छ।"

उहाँले पोखरा तालैतालको सहर भएकाले माछापालनबाटै आर्थिक निर्भर हुनसक्ने प्रशस्त आधार रहेको जनाउँदै जलारी समुदायको पुर्ख्यौली ज्ञान र सीपलाई नयाँ पुस्तामा जोड्न सके सम्भावना रहेको बताउनुभयो। उहाँका अनुसार अहिले पोखराका फेवाताल, बेगनाताल र रुपातालबाट वार्षिक एक सय २० मेट्रिक टन माछा उत्पादन हुन्छ तर बजारको माग तीन सय मेट्रिक टनभन्दा बढी छ। जलारी समुदायको संरक्षणका लागि केन्द्रले माछाका भुरा छोड्ने र माछा पालनसम्बन्धी आवश्यक सरसल्लाहहरु साथै तालिम पनि प्रदान गर्दै आएको छ। उहाँले पछिल्लो समय स्वास्थ्यका दृष्टिले पनि माछा राम्रो मानिएकाले स्थानीय तालको माछाप्रति ग्राहकको रुचि बढेसँगै माग पनि बढेको बताउनुभयो। फेवातालको सौन्दर्य र जैविक विविधतासँगै जलारी समुदायको माछा मार्ने पेशा तालको सांस्कृतिक सम्पदासँग गहिरो रूपमा जोडिए पनि यो पेशामा नयाँ युवाको रुचि कम देखिएको बताउनुहुन्छ पोखरा पर्यटन परिषद्का उपाध्यक्ष एवं पर्यटन व्यवसायी हरि भुजेल। उहाँ जलारी समुदायको दीर्घकालीन सुदृढीकरणका लागि ताल संरक्षण, माछा उत्पादनमा वृद्धि, र युवा पुस्तालाई आकर्षित गर्ने नयाँ रणनीति आवश्यक रहेको बताउनुहुन्छ।

पोखरा महानगर आर्थिक महाशाखा प्रमुख मनहर कडरियाले जलारी समुदायको पुख्यौली पेसा संरक्षण र उनीहरुको जीवनस्तर उकास्न महानगर तयार रहेको बताउनुभयो। उहाँ भन्नुहुन्छ, "जलारी समुदायका युवा पुस्ताको रुचि बढाउन र आवश्यक सीपका लागि तालिमको आवश्यकता समुदायले गरेमा महानगर साझेदारी गर्न तयार छ।" युवा पुस्तालाई तालसँग जोड्न माछा उत्पादन बढाउन, ताल संरक्षणमा ध्यान दिन र आधुनिक तरिकाबाट आर्थिक रूपमा लाभप्रद बनाउने उपायहरूको खोजी नै उत्तम विकल्प हुनसक्ने उहाँको भनाइ छ। अहिले फेवातालमा माछा मारेर जीविकोपार्जन गर्दै आउने करिब एक सय घरधुरी जलारी छन्। पोखरा महानगरले जलारी समुदायलाई माछा मार्न अनुमतिपत्र प्रदान गरेको छ। तोकिएको स्थानमा जलारी समुदायले माछा मार्दै आएका छन्।रासस

## नागरिकलाई सुशासनको प्रत्याभूति दिलाउने गरी काम गर्न मन्त्री यादवको निर्देशन

विराटनगर । खानेपानीमन्त्री प्रदीप यादवले नागरिकलाई सुशासनको प्रत्याभूति दिलाउने गरी काम गर्न कर्मचारीलाई निर्देशन दिनुभएको छ ।

खानेपानी मन्त्रालयको आयोजना र खानेपानी तथा ढल व्यवस्थापन विभागको व्यवस्थापनामा विहिबार विराटनगरमा आयोजित 'सुशासन तथा वित्तीय अनुशासनसम्बन्धी तीन दिने कार्यशाला गोष्ठी २०८१'को उद्धाटनका अवसरमा उहाँले उक्त निर्देशन दिनुभएको हो ।

उहाँले भन्नुभयो, "जनतालाई स्वच्छ खानेपानी उपलब्ध गराउन, कार्यालयका सूचना तथा गुनासोको प्रभावकारी व्यवस्थापन गराउन, वित्तीय अनुशासन कायम गराउन र बेरुजु फर्छ्यौट र



सम्मपरीक्षणका लागि अविलम्ब पेस गरी, जनतालाई सुशासनको प्रत्याभूति दिलाउन अवश्यक छ ।" देश, राष्ट्र, राष्ट्रियताका पक्षमा उभिएर एवं आम नेपाली नागरिकलाई कर्मचारीले सुशासनको प्रत्याभूति दिलाउने गरी काम गर्नुपर्ने मन्त्री यादवको भनाइ थियो ।

मन्त्रालयका सचिव ई प्रमिलादेवी शाक्य बज्राचार्यले आयोजनाको दोहोरोपना हटाउने गरी काम गर्न निर्देशन दिनुभयो । खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक ई रामकुमार श्रेष्ठले बेरुजु र भ्रष्टाचार फरक कुरा भएकाले बेरुजु फछ्र्यौटका लागि सङ्घीय कार्यालय र प्रदेश डिभिजन कार्यालयको संयुक्त प्रयास आवश्यक रहेको बताउनुभयो ।उहाँले भन्नुभयो, "हामीले सकेसम्म बेरुजु नहुने गरी काम गर्नुपर्छ । भएका बेरुजु फरफारक गरी दीगो विकासको लक्ष्य र संविधानले प्रत्याभूत गरे अनुरुपको खानेपानी तथा सरसफाइको सेवा प्रदान गर्नु प्रमुख कर्तव्य हो ।"रासस

# जलवायुजन्य सङ्कटसँग लड्न टापु मुलुकहरु एकजुट हुनुपर्छः पूर्वराष्ट्रपति भण्डारी



काठमाण्डु । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले जलवायु न्यूनीकरण गर्न र जलवायुजन्य सङ्कटसँग जुध्नका लागि टापु मुलुकहरु एक हुनुपर्ने बताउनुभएको छ ।

विहिबार काठमाडौँमा दक्षिण एशियाको विविध सामाजिक-सांस्कृतिक र भौगोलिक परिदृश्यमा जलवायु परिवर्तनका लागि घरपरिवारको अनुकूलन क्षमताको मूल्याङ्कन शीर्षकमा गरिएको अध्ययन प्रतिवेदन सार्वजनिक कार्यक्रममा उहाँले जलवायुजन्य सङ्कटबाट बच्न एकजुट हुनुको विकल्प नभएको बताउनुभयो ।

नेपाल पनि जलवायु परिवर्तनको उच्च जोखिम भएका मुलुकमा पर्ने उल्लेख गर्दै उहाँले समयमै समस्या पहिचान गरेर ती समस्या समाधानका उपाय खोजिनुपर्नेमा जोड दिनुभयो । "बाढी, पहिरो, डुबान, हिउँ पहिरो, हिमताल विस्पोट जस्ता जलवायुजन्य विपद्का कारण ठूलो धनजनको क्षति भइरहेको छ । मलुकको अर्थतन्त्र ह्रास ल्याउन सक्छ", उहाँले भन्नुभयो, "जलवायुजन्य यी र यस्ता सङ्कट समाधानका लागि भएका नीतिहरुको प्रभावकारी कार्यन्वयन हुनुपर्छ । सबैमा सहकार्य र एकता कायम गरी जलवायुले निम्ताउन सक्ने सम्भावित जोखिम न्यूनीकरणमा लाग्नुपर्छ ।"

भण्डारीले जलवायु परिवर्तनको असरका कारण हिमालको हिउँ पग्लिएर कालापत्थरमा परिणत हुँदै गएको बताउनुभयो । उहाँले समयमै जलवायु परिवर्तनको असर न्यूनीकरणमा जुट्न नसके हिमाल र हिमाली क्षेत्रमा बसोबास गर्ने जनसमुदायको अस्तित्व नै मेटिएर धारणा राख्नुभयो । यसैगरी उहाँले समाजिक, आर्थिक पूर्वाधार विकास लगायतका क्षेत्रमा जलवायु परिवर्तनको असर परिरहेको उल्लेख गर्दै जलवायुमैत्री पूर्वाधार निर्माण हुनुपर्नेमा समेत जोड दिनुभयो ।

"जलवायु परिवर्तनको असरले कृषि उत्पादनमा कमी भई खाद्य सङ्कट समेत निम्तन सक्छ, मानिसहरुको रोजिरोटी नै खोसिन सक्छ, जीवनशैलीमा प्रत्यक्ष असर गर्न सक्छ", उहाँले भन्नुभयो, "अर्को समस्या भनेको कतिपय स्थानमा जलवायु परिवर्तनको असरले पानीको मुहान नै सुक्न गइ खानेपानीको चरम सङ्कट भोग्नुपरेको छ ।"

जलवायुको खतराले गरिबीको दर बढ्नसक्ने भन्दै समयमा नै सचेत हुनुपर्ने भण्डारीको आग्रह छ । उहाँले जलवायु अनुकुलनका क्षेत्रमा दिगो र प्रभावकारी अनुसन्धान गर्दै नीति तथा योजना कार्यान्वयन प्रभावकारी हुनुपर्नेमा समेत जोड दिनुभयो।राष्ट्रिययोजना आयोगका उपाध्यक्ष डा शिवराज अधिकारीले पनि जलवायु परिवर्तनको बढ्दो असरले नेपाल जस्ता मुलुकहरुको राष्ट्रिय कुल ग्राहस्थ उत्पादन (जिडिपी) मा असर गरिरहेको बताउनुभएको छ ।

त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्राडा केशरजङ्ग बरालले पनि जलवायु परिवर्तनको असर बढ्दा तापमान बृद्धि हुने, मनसुनी विपद्को घटना बढ्ने र धनजनको क्षति गर्ने, बसराइसराइ गराउने, खाद्य सुरक्षामा चुनौतीलगायतका समस्या उत्पन्न हुने भन्दै जलवायुका असरको बिषयमा अझै अनुसन्धान हुनुपर्नेमा जोड दिनुभएको छ ।

भूगोल केन्द्रीय विभागका प्राडा प्रेमसागर चापागाईले नेपाल, भारत, चीन र बङ्गलादेशकापाँचविश्वविद्यालयका अनुसन्धानकर्ताद्वारा गरिएको अध्यायनले जलवायु परिवर्तनका कारण कृषि उत्पादनमा ह्रास आइ वैदेशिक रोजगारीमा जानेहरुको सङ्ख्या बढिरहेको बताउनुभएको छ ।रासस

# चीनको औपचारिक भ्रमण सकेर प्रधानमन्त्री ओली स्वदेश फिर्ता



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओली जनवादी गणतन्त्र चीनको चारदिने औपचारिक भ्रमण सकेर विहिबार स्वदेश फर्किनुभएको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा प्रधानमन्त्री ओलीलाई उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंह, गृहमन्त्री रमेश लेखक, नेपाल सरकारका उच्च पदस्थ अधिकृत, सुरक्षा निकायका प्रमुखहरूले स्वागत गर्नुभयो ।

प्रधानमन्त्री ओलीको स्वागतमा नेपाली सेनाको एक टुकडीले सम्मान गारत अर्पण गरेको थियो । चीनका प्रधानमन्त्री ली छ्याङको मैत्रीपूर्ण निमन्त्रणामा प्रधानमन्त्री ओली यहीँ मङ्सिर १७ गते चीन प्रस्थान गर्नुभएको थियो ।

बेइजिङमा रहँदा प्रधानमन्त्री ओलीले चीनका राष्ट्रपति सी चिनफिङसँग भेटवार्ता गर्नुभएको थियो ।

साथै प्रधानमन्त्री ओली र चिनियाँ समकक्षी ली तथा राष्ट्रिय जनकंग्रेस (एनपिसी)का अध्यक्ष चाओ ल चीसँगको भेटमा द्विपक्षीय हितका विविध विषयमा विचार विमर्श भएको थियो । उहाँको चीन भ्रमणका क्रममा नेपाल-चीनबीच विभिन्न सहमतिमा हस्ताक्षर समेत भएको छ ।

प्रधानमन्त्री ओली नेतृत्वको नेपाली प्रतिनिधिमण्डलमा उहाँकी धर्मपत्नी राधिका शाक्य, परराष्ट्रमन्त्री डा आरजु राणा देउवा, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा युवराज खतिवडा, सांसदहरू, विशिष्ट श्रेणीका सरकारी अधिकारी, निजी क्षेत्रका प्रतिनिधि र सञ्चारकर्मीलगायत हुनुहुन्थ्यो ।रासस

# 'कोखदेखि शोकसम्म राज्यले नागरिकको सुनिश्चितता गर्नुपर्छ'

पाटन । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले हरेक श्रमजीवी नागरिकको कोखदेखि शोकसम्म राज्यले नागरिकको सुनिश्चितता गर्नुपर्छ भन्नेमा जोड दिनुभएको छ ।

नेपाल ट्रेड युनियन कांग्रेसद्वारा विहिबार ललितपुरमा आयोजित औद्योगिक सम्बन्ध र श्रम नीति गोष्ठीमा मन्तव्य राख्नुहुँदै मन्त्री भण्डारीले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय श्रमिकको मन्त्रालय भएको उल्लेख गर्दै श्रमसँग सम्बन्धित सबै समस्या सरोकारवालासंगको समन्वय र सहकार्यमा समाधान हुने बताउनुभयो ।

"सरकारलाई दोषारोपण गरेर मात्रै केही हुँदैन, श्रम ऐन संशोधन आवश्यक छ, सरकार एक्लैले गर्न सक्दैन, सरोकारवालाहरुको सहभागिता चाहिन्छ, कोखदेखि शोकसम्म राज्यले सुनिश्चितता गर्न नसकेसम्म नागरिकले सुरक्षित महसुस गर्न सक्दैन", मन्त्री भण्डारीले भन्नुभयो ।

उहाँले सरकार, रोजगारदाता र श्रमिकको सहभागिता हुँदा पनि सामाजिक सुरक्षा कोषलाई प्रभावकारी बनाउन आवश्यक रहेको बताउनुभयो । "वैदेशिक रोजगार ऐन सुधारका लागि हामीले सुरुआत गरेका छौं, मन्त्रालयलाई श्रमिकको हकहितका लागि काम गर्ने मन्त्रालय बनाउन ट्रेड युनियनहरुको महत्वपूर्ण भूमिका हुन्छ, अहिले बैदेशिक रोजगारको मात्रै बढी काम भएको छ, समृद्धिको आधार रोजगार हो", मन्त्री भण्डारीले भन्नुभयो ।

नेपालका लागि जापानी राजदूतावासका डेपुटी चिफ अफ मिसन ताकाहिरो तमुराले यस गोष्ठीले काम गर्ने वातावरण र स्वस्थ्य औद्योगिक सम्बन्धबारे सहभागीका ज्ञान तथा अनुभव बाँड्दै श्रमक्षेत्रका सरोकारवाला र रोजगारदातबीच छलफल हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले नेपालमा काम गर्ने वातावरण र औद्योगिक सम्बन्धका चुनौती र सुधार गर्नुपर्ने विषयमा यो गोष्ठी सार्थक हुने बताउनुभयो ।

जापान अन्तर्राष्ट्रिय श्रम संस्था (जिलाफ)का कार्यकारी निर्देशक तोशिरो मोटोबायशीले सन् १९८९ मा स्थापना भएपश्चात् विभिन्न देशमा कार्यक्रम गर्दै आएको बताउनुभयो । उहाँले श्रमिक र रोजगारदाताबीच समन्वय गर्दै रचनात्मक औद्योगिक सम्बन्धलाई स्थापित गर्ने उद्देश्य बोकेर यो गोष्ठी सञ्चालन गरिएको जानकारी गराउनुभयो ।रासस

# उद्योगमन्त्री भण्डारी स्वदेश फिर्ता

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी भारतको चार दिने औपचारिक भ्रमण सकेर विहिबार स्वदेश फर्किनुभएको छ ।

भारतको वाणिज्य तथा उद्योग मन्त्रालय र भारतीय उद्योग परिसङ्घको आयोजनामा भारतको राजधानी नयाँ दिल्लीमा यही मङ्सिर १७ र १८ गते भएको दुईदिने २९औं साझेदारी शिखर सम्मेलनमा भाग लिन उहाँ त्यसतर्फ प्रस्थान गर्नुभएको थियो ।

त्यहाँ रहँदा मन्त्री भण्डारीले भारतीय जनता पार्टी९भाजपा०का विदेश विभाग प्रमुख डा विजय चौथाइवाले, भारतीय विदेशमन्त्री डा एस जयशङ्कर, समकक्षी वाणिज्य तथा उद्योगमन्त्री पियुष गोयल, पेट्रोलियम तथा प्राकृतिक ग्यासमन्त्री हरदिपसिंह पुरी, उपभोक्ता मामिला, खाद्य र सार्वजनिक वितरणमन्त्री प्रल्हाद जोशी, भारतीय उद्योग परिसङ्घका



पदाधिकारीलगायतसित भेटवार्ता गर्नुभएको उहाँको सचिवालयले जनाएको छ ।

चौथाइवालेसँगको भेटका क्रममा उहाँले दुई देशबीचको सौहाद्र सम्बन्धका विषयमा कुराकानी गर्नुभएको जनाइएको छ । भारतीय विदेशमन्त्रीसँगको भेटमा उहाँले बैतडीको झुलाघाटस्थित महाकाली नदीमा मोटरेबल पुल निर्माणका सम्बन्धमा तथा सीमामा नेपालीले झेल्नुपरेका समस्या समाधानमा सहजीकरणका विषयमा कुराकानी भएको मन्त्री भण्डारीको सचिवालयका सदस्य रमेश भट्टले जानकारी दिनुभयो ।


यस्तै मन्त्री भण्डारीले समकक्षीसँगको भेटवार्तामा अत्यावश्यक दैनिक उपभोग्य वस्तु आयातमा सहजता, नेपालबाट निर्यात हुने वस्तुमा लगाइएको ब्यूरो अफ इन्डियन स्ट्यान्डर्ड९बीआइएस० मा सहजीकरण, सिलीगुडी-झापा र अमलेखगञ्ज-चितवन पेट्रोलियम पाइप लाइन निर्माण, सर्लाहीमा एलपी ग्यासको पाइप लाइन निर्माण, नेपाली वस्तुको भारतमा निर्यात बढाउने, भारतीय लगानी नेपालमा बढाउनेलगायत विषयमा छलफल तथा कुराकानी भएको जनाइएको छ । साथै उहाँहरुबीच कञ्चनपुरको बेलौरी नाका सञ्चालनका विषयमा पनि छलफल भएको बताइएको छ ।रासस

# ग्रामीण दूरसञ्चार विकास कोष कार्यान्वयन गर्न सञ्चारमन्त्री गुरुङको निर्देशन

काठमाण्डु । सञ्चार तथा सूचनाप्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले ग्रामीण दूरसञ्चार विकास कोष (आरटिडिएफ) कार्यान्वयन गर्न नेपाल दूरसञ्चार प्राविधिकरणलाई निर्देशन दिनुभएको छ ।

विहिबार जमलस्थित प्राधिकरणको कार्यालय अनुगमनपछि मन्त्री गुरुङले बोर्ड निर्देशक एवं कर्मचारीलाई निर्देशन दिनुहुँदै सेवाप्रदायकसँग समन्व्य गरेर जतिसक्दो छिटो आरटिडिएफ परिचालन गर्न निर्देशन दिनुभएको हो । मन्त्री गुरुङले एकीकृत कार्यालय व्यवस्थापन प्रणाली डिजिटल नेपाल बनाउने अभियान साकार पार्न मन्त्रालय अर्न्तगतका संस्थानको सहकार्य आवश्यक रहेको बताउनुभयो । उहाँले सुशासन कायम गर्नका लागि पनि डिजिटल नेपालको परिकल्पना महत्वपूर्ण भएको बताउनुभयो ।

सबै स्थानीय त र प्रदेशमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (जीआईओएमस) लागू



गराउन सकियो भने भ्रष्टाचार नियन्त्रणमा ठूलो सहयोग पुग्ने उहाँको भनाइ थियो । उहाँले यस वर्ष जसरी भए पनि देशैभरी फोरजीको सेवा विस्तार गर्न निर्देशन दिनुभयो । त्यसअवसरमा उहाँले काठमाडौँ महानगरपालिकामा फाइभजी सेवा सुरु गर्न लागिएको समेत जानकारी दिनुभयो । साथै आफ्नै सुरक्षण मुद्रण सञ्चालन गर्न लागिएको उल्लेख गर्नुभयो ।

मन्त्री गुरुङसँगै अनुगमन पुग्नुभएका सञ्चार सचिव राधिका अर्यालले प्राधिकरणको नियमनकारी भूमिका थप प्रभावकारी बनाउन आवश्यक रहेकोमा जोड दिनुभयो । "सुरुवात भएका केही परियोजना लामो समयदेखि सम्पन्न हुन सकेका छैनन् भने नयाँ परियोजनामा प्रवेश गर्न सकिएको छैन," उहाँले भन्नुभयो, "सुरु गरिएका काम पूरा गर्नेतर्फ ध्यान दिनुहोला ।"उहाँले दूरसञ्चार ऐन २०५३ संशोधनको प्रक्रियामा रहेको र यसका केही विषयमा बृहत छलफल आवश्यक रहेको समेत धारणा राख्नुभयो ।

त्यसअवसरमा प्राधिकरणका अध्यक्ष भुपेन्द्र भण्डारीले कार्यालयका समस्या, कार्य चुनौती र भावी योजनाबारे जानकारी गराउनुभएको थियो । उहाँले भाडाको घरमा बस्दै आएको प्राधिकरणको आफ्नै भवन बनाउन आवश्यक रहेको मन्त्री समक्ष सुनाउनुभयो । यसका लागि जग्गा र बजेटको समेत व्यवस्थापन कार्य थालनी भएको बताउनुभयो । मन्त्री गुरुङले पनि प्रविधिको विकास गर्न भौतिक संरचनाको व्यवस्थापन पहिलो आवश्यकता भएकाले भवन निर्माणमा मन्त्रालयको सहयोग रहने प्रतिबद्धता जनाउनुभयो ।रासस


**खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड**

**मधेश प्रादेशिक कार्यालय, जनकपुरधाम**

**सूचना ! सूचना !! सूचना !!!**

मिति :-२०८१/०८/२०

यस कम्पनीको धनुषा जिल्ला र आसपासका किसानहरुको उत्पादनलाई लक्षित गरी मिति २०८१ मंसिर २४ गते सोमवार देखि कम्पनीको सोहनी मुजेलिया स्थित कार्यालय परिसरबाट सोना मन्सुली धान खरिद गर्ने भएकोले सम्बन्धित सबै किसानहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**किसानहरुले धान बिक्री गर्न ल्याउँदा ध्यान दिनु पर्ने कुराहरु :-**

१. धान बिक्री गर्न ल्याउँदा निफानी, केलाई, सफा गरी कम्पनीले तोकेको गुणस्तर मापदण्ड भित्रको फ्रेस धान ल्याउनु पर्नेछ । अन्यथा कम्पनीले गुणस्तर मापदण्ड बाहिरको धान खरिद गर्न बाध्य हुने छैन ।
२. खरिद कार्य हरेक दिन बिहान १०:०० बजे देखि ४:०० बजे सम्म सञ्चालन हुने छ । हप्तामा शुक्रबार र सार्वजनिक बिदा बाहेक अन्य दिनमा किसानको चाप हेरी खरिद कार्यक्रम गरिने छ ।
३. धान बिक्री गर्न ल्याँउदा किसानले आफ्नो नागरिकता प्रमाणपत्र वा नेपाल सरकारबाट जारी भएको पहिचान खुल्ने परिचय पत्रको फोटोकापी, सम्पर्क नम्बर, सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र र सम्बन्धित स्थानिय तहको कृषि शाखाले कृषक हो भने प्रमाणित गरेको सिफारिस पत्र अनिवार्य ल्याउनु पर्नेछ ।
४. प्रति किसानबाट एक पटक वा पटक पटक गरी १०० (एक सय) क्वीन्टलसम्म मात्र धान खरिद गरिनेछ ।
५. खरिद हुने धानको पल्लेदारी खर्च कम्पनीले व्यहोर्ने छ ।
६. सोना मन्सुली (मध्यम) धान खरिद मूल्य प्रति क्वीन्टल रु.३,५८०।६२/- (तिन हजार पाँच सय असी रुपैया पैसा बैसठी मात्र) मा खरिद गरिनेछ। साथै किसानहरुको धान कम्पनीले खरिद गरेपछि सो बापतको रकम चेकबाट भुक्तानी गरिने छ ।
७. अन्य जानकारीको लागि कार्यालय समयमा सम्पर्क नं. ९८५४०२७२४७/९८४२२४९९१६/९८६३४७०४२१ मा सम्पर्क गर्नु हुनु सूचित गरिन्छ ।

**खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि.**

**मधेश प्रादेशिक कार्यालय, जनकपुरधाम, धनुषा**

# दक्षिण कोरियाको राजनीतिक उथलपुथललाई वेवास्था गर्दै बिटक्वाइनको एक लाख डलरको शेयर कारोबार

एएफपी

हङकङ । अमेरिकी सुरक्षा आयोगको अध्यक्षमा डोनाल्ड ट्रम्पको चयनलाई शेयरबजार व्यवसायीहरूले स्वागत गर्दा बिहीबार पहिलो पटक प्रति एक मुद्रा बिटक्वाइनको कारोबार मूल्य एक लाख अमेरिकी डलर नाघेको छ । दक्षिण कोरियाका राष्ट्रपति यून सुक-योलले यसै हप्ता केही घण्टा मात्र लागु भएको सैनिक शासन र यसको फिर्ता पछि सामना गरेको महाभियोगको प्रस्तावले सियोलको शेयरमा गिरावट आएको छ।



हालैका हप्ताहरूमा ९० हजार अमेरिकी डलरको आसपास घुमिरहेको लोकप्रिय क्रिप्टोकरेन्सी अन्ततः एशियामा ऐतिहासिक स्तरमा पुगेको हो । ट्रम्पले प्रमुख क्रिप्टो प्रस्तावक पल एटकिन्सलाई सेक्युरिटीज एन्ड एक्सचेन्ज कमिसन (एसईसी) को अध्यक्षको रूपमा जिम्मेवारी दिने घोषणासँगै क्रिप्टोको कारोबारले उच्च रेकर्ड कायम गरेको हो ।

एटकिन्स जोखिम परामर्श फर्म 'पाटोमक ग्लोबल पार्टनर्स'का संस्थापक हुनुहुन्छ । यसका ग्राहकहरूमा बैंकिङ, व्यापार र क्रिप्टोकरेन्सी उद्योगका कम्पनीहरू समावेश छन् ।

ट्रम्पको सङ्क्रमणकालीन टोलीले सन् २०१७ देखि डिजिटल च्याम्बर अफ कमर्शको सह-अध्यक्षता गरेको उल्लेख गरेको छ ।एटकिन्सले अमेरिकालाई पहिलेभन्दा ठूलो बनाउन डिजिटल सम्पत्ति र अन्य नवप्रवर्तन महत्वपूर्ण रहेको बताउनुभएको छ। 'एसपीआई एसेट म्यानेजमेन्ट'का स्टेफन इन्सले एटकिन्ससँग क्रिप्टोकरेन्सी फर्महरूमा एसईसीको कडा अडानको आलोचना गर्नेहरूको 'ट्र्याक रेकर्ड' रहेको बताउनुभयो ।

"यो रणनीतिक कदमले क्रिप्टो समुदायलाई उत्साहित बनाएको छ, एटकिन्सको निगरानीमा सम्भावित अधिक मिलनसार नियामक परिदृश्यको बारेमा लगानीकर्ताको आशालाई बढावा दिएको छ," इनेसले भन्नुभयो । कारोबार मूल्यमा रेकर्ड तोड्दै बिटक्वाइनको प्रति एक मुद्रा बिहीबार एक लाख तीन हजार ८०० अमेरिकी डलरमा कारोबार भएको हो ।

अमेरिकी राष्ट्रपति-निर्वाचित ट्रम्पले क्रिप्टोकरेन्सीहरूलाई विनियमित गर्ने उपायहरू मार्फत अघि बढाउने विश्वासमा ट्रम्पको चुनावी जितपछि यो ५० प्रतिशत भन्दा बढी बढेको छ र वर्षको अन्त्यदेखि लगभग १४० प्रतिशत बढेको छ । चुनावी अभियानका क्रममा उहाँले संयुक्त राज्य अमेरिकालाई 'विश्वको बिटक्वाइन र क्रिप्टोकरेन्सी राजधानी' बनाउने वाचा गर्नुभएको थियो ।

दक्षिण कोरियाका राष्ट्रपति युन सुक योलले नाटकीय रूपमा सैनिक शासनको घोषणा गरेपछि व्यापारीहरूले त्यहाँ भएका घटनाहरूको अनुगमन गरिरहेका बेला बिटक्वाइनमा उछाल आएको हो ।दक्षिण कोरियाको विपक्षी समूहले अहिले उहाँ (युन) विरूद्ध महाभियोगको लागि दबाब दिएको छ, जबकि रक्षा मन्त्रीले राजनीतिक सङ्कटको कारण राजीनामा दिनुभएको छ ।

विवादास्पद बजेट प्रस्तावसँग जोडिएको अविश्वासको प्रस्तावमा प्रधानमन्त्री मिचेल बार्नियरको तीन महिना पुरानो सरकार ढलेपछि लगानीकर्ताहरूले फ्रान्समाथि पनि नजर राखेका छन् ।युरोजोनको दोस्रो नम्बरको अर्थव्यवस्था (फ्रान्स) का कारण स्थानीय शेयर कारोबारमा विशेष गिरावट आउने अपेक्षा गरिएको भएपनि युरोले कुनै ठूलो प्रभावको सामना गर्नु परेन तर यस कदमले यस वर्षको सुरुमा विभाजनकारी चुनावपछि फ्रान्समा पहिले नै तनावपूर्ण राजनीतिक स्थितिमा नयाँ अनिश्चितता थपेको थियो ।

एशियाका अन्य ठाउँहरूमा शेयर कारोबार मिश्रित देखिएको छ । लगानीकर्ताहरूले वाल स्ट्रिटमा सबै तीन मुख्य सूचकाङ्कको लागि रेकर्ड राख्न सङ्घर्ष गरे, जहाँ रोजगार र सेवाहरूमा नरम तथ्याङ्कले यस महिना फेडरल रिजर्भ ब्याज दर कटौतीको आशालाई बढावा दिएको थियो ।टोकियो, साङ्घाई, सिड्नी, सिङ्गापुर, मुम्बई र ताइपेइको मूल्य बढे पनि हङकङ, वेलिङटन, जकार्ता र मनिला भने शेयर कारोबारका हिसाबले ओरालो लागेका छन् ।

# एनपिएल: सुदूरपश्चिमको दोस्रो जित



काठमाण्डु । राजधानीमा जारी नेपाल प्रिमियर लिग (एनपिएल)मा सुदूरपश्चिम रोयल्सले दोस्रो जित हात पारेको छ । त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा विहिबार भएको दोस्रो खेलमा सुदूरपश्चिम रोयल्सले काठमाडौं गुर्खाजलाईलाई ७३ रनले हराएको हो ।

सुदूरपश्चिम रोयल्सले जितका लागि दिएको एक सय ६८ रनको लक्ष्य पछ्याउने क्रममा काठमाडौं गुर्खाज १५ दशमलव पाँच ओभरमा ९४ रन बनाउँदै अलआउटभयो।काठमाडौंकालागि स्टिफन एस्किनाजीले सर्वाधिक ३७ रन बनाए । उनले ३३ बलमा एक छक्का र पाँच चौकाको मद्दतले ३७ रन बनाएका हुन् । सुमित महर्जनले १४, भीम सार्की र गेरहार्ड इरासमसले समान १०/१० र प्रतिक श्रेष्ठले आठ रन बनाए ।

काठमाडौंका लागि माइकल लेविटले पाँच, शङ्कर राणाले तीन, रासिद खानले दुई रन बनाउँदा कप्तान करण केसी, नाथन सोटर र शाहब आलमले समान एक/एक रन जोडे । यो खेलमा काठमाडौंले अतिरिक्त दुई रन पायो । सुदूरपश्चिम रोयल्सका लागि नरन साउदले सर्वाधिक पाँच विकेट लिए । अभिनास बोहोराले दुई विकेट हात पार्दा ब्रान्डन म्याकमुलेन र सैफ जैबले समान एक/एक विकेट लिए । योसँगै सुदूरपश्चिम रोयल्सको यो दोस्रो जित हो । सुदूरपश्चिमले यसअघि विराटनगर किङ्गसलाई ९० रनले पराजित गरेको थियो ।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको सुदूरपश्चिमले निर्धारित २० ओभरमा छ विकेट गुमाएर एक सय ६७ रन बनाएको थियो । सुदूरपश्चिमका लागि ब्रान्डन म्याकमुलेनको अर्धशतक प्रहार गरे । उनले ३६ बलमा चार छक्का र तीन चौकाको मद्दतले सर्वाधिक ५४ रन बनाए । कप्तान दीपेन्द्रसिंह ऐरीले २५ बलमा दुई छक्का र तीन चौका प्रहार गर्दै ४२ रन जोडेका छन् ।

यस्तै, विनोद भण्डारीले ३५, सैफ जैबले ११, रोहन मुस्तफाले चार र आरिफ सेखले तीन रन बनाए । खेलमा अविजित रहँदै स्कट कुग्गेलिजनले सात र इशान पाण्डेले एक रनको योगदान दिए । यो खेलमा सुदूरपश्चिमले अतिरिक्त दश रन पायो । काठमाडौंका लागि रासिद खानले सर्वाधिक दुई विकेट लिए । गेरहार्ड इरासमस, शाहब आलम र कप्तान करण केसीले एक/एक विकेट लिएका थिए । एनपिएलमा काठमाडौं गुर्खाजको यो दोस्रो हार हो । तीन खेल खेलेको काठमाडौंले यसअघि एक खेलमा विजयी भएको थियो । रासस

# श्रीलङ्काले यस वर्षको अन्त्यसम्ममा आइएमएफसँग नयाँ कर्जा सम्झौता गर्ने

एएफपी


कोलम्बो । आर्थिकरूपमा सङ्कटग्रस्त श्रीलङ्काले अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले निर्धारण गरेको कडा राजस्व लक्ष्यलाई पालना गर्दै सन् २०२५ को बजेट आउनुभन्दा एक महिनाअघि नै वैदेशिक ऋणको पुनर्संरचना सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

खाद्य र इन्धनजस्ता अति आवश्यक आयातका लागि समेत विदेशी मुद्राको अभाव भएपछि सन् २०२२ को अप्रिलमा ४६ अर्ब अमेरिकी डलरको बाह्य ऋण तिर्न नसकेपछि श्रीलङ्काले सामानहरूको चरम अभावको सामनासमेत गर्नुपरेको थियो । अभावले जनता आक्रोशित हुँदा तत्कालिन सत्ताले जनतासमक्ष घुडा टेक्नु परेको थियो । चरम आभाव र महँगीको सामना गरिरहेका जनता सडकमा ओर्लिएपछि तत्कालिन राष्ट्रपति गोतबाय राजपाक्षले राजिनामा दिनुपरेको थियो ।

आईएमएफको उद्धार प्याकेज प्राप्त गरेपछि र सरकारको बर्बाद वित्तलाई सुधार गर्ने उद्देश्यले राजपाक्षेका उत्तराधिकारी बन्नुभएका रनिल सरकारले आगामी वर्षको राजस्व र खर्चसम्बन्धी पहिलो प्रस्ताव आगामी फेब्रुअरीमा प्रस्तुत गर्ने बताउनुभएको थियो । गत महिना दिसानायकेले आईएमएफको चार वर्षे बेलआउट ऋण कायम राख्नको लागि एक प्रमुख शर्त १२.५५ अर्ब डलरको अन्तर्राष्ट्रिय सार्वभौम ऋणपत्रको पुनर्संरचना गर्न आफ्नो पूर्ववर्तीले सुरक्षित गरेको सम्झौताको सम्मान गर्ने बताउनुभएको थियो ।

ऋण पुनर्संरचना प्रक्रिया पूरा गर्न र श्रीलङ्कालाई नयाँ ऋण उठाउन अन्तर्राष्ट्रिय वित्तीय बजारमा फर्कन अनुमति दिने सम्झौतामा हस्ताक्षर हुन बाँकी छादक्षिण एसियाली मुलुकका अधिकांश निजी ऋणदाताले गत सेप्टेम्बरमा आफ्नो ऋणमा २७ प्रतिशत कटौती गर्न सहमति जनाएका थिए ।

दिसानायकेको नेसनल पिपुल्स पावर (एनपीपी) गठबन्धनले यसअघि पुनर्संरचना सम्झौतालाई गरिब राष्ट्रमाथि अन्यायपूर्ण भन्दै आलोचना गरेको थियो र सत्तामा आएपछि मात्र पुनः वार्ता गर्ने प्रतिबद्धता जनाएको हो ।गत महिना भएको



विक्रमासिङ्गेले मितव्ययिताका निययमहरू लागू गरेपछि देशको अर्थव्यवस्थामा सुधार आएको छ।

आर्थिक विकास उपमन्त्री अनिल जयन्था फर्नान्डोले ऋण पुनर्संरचनामा दुई वर्षभन्दा बढी ढिलाइ भएको र यसबाट मुलुकलाई थप एक अर्ब ७० करोड अमेरिकी डलर सञ्चित ब्याज खर्च हुने बताउनुभएको छ । फर्नान्डोले भन्नुभयो, "हामी डिसेम्बर ३१ सम्ममा द्विपक्षीय ऋण र अन्तर्राष्ट्रिय सार्वभौम ऋणपत्रको पुनर्संरचना पूरा गर्ने आशा गरिरहेका छौं।"

वामपन्थी राष्ट्रपति अनुरा कुमारा दिसानायकेले गत सेप्टेम्बरमा संसद्मा आफ्नो मध्यावधि संसदीय चुनावमा जित हासिल गरेयता उहाँले आर्थिक पुनरुत्थान निकै कमजोर भएको भन्दै आफ्नो निर्णयलाई परिवर्तन गर्नुभएको छ ।

सेप्टेम्बरमा सहमति भएको र नयाँ प्रशासनले अनुमोदन गरेको सम्झौताको एक भागको रूपमा, ऋणदाताहरूले बक्यौता ब्याज भुक्तानीमा ११ प्रतिशत कटौती गर्नेछन्।

श्रीलङ्काले सन् २०२३ मा कर दोब्बर बनाउने, ऊर्जा अनुदान फिर्ता लिने र राज्यको राजस्व बढाउन अत्यावश्यक वस्तुको मूल्य वृद्धि गरेर अन्तर ाष्ट्रिय मुद्रा कोष (आइएमएफ) को बेलआउट प्राप्त गरेको थियो ।

# 'ओपेक प्लस'ले तेल आपूर्ति कटौती गर्नसक्ने अनुमान

एएफपी

भियना । ओपेक तेल कार्टेल र यसका सहयोगीहरूले बिहीबार कच्चा तेलको विश्वव्यापी बजारमा मूल्यमा तीव्र गिरावट नआओस् भनेर आपूर्ति कटौतीको अवधि बढाउने अपेक्षा गरिएको छ ।आइतबारका लागि तय गरिएको बैठकमा सदस्यहको उपस्थितिमा देखिएको ढिलाइले मूल्य वृद्धिको कटौतीलाई निरन्तरता दिन सकिनेमा केही शङ्का उत्पन्न भएको छ ।




"ओपेक प्लसले पहिलो त्रैमासिकको अन्त्यसम्म थप तीन महिनाका लागि उत्पादन वृद्धि स्थगित गर्ने बिहीबार निर्णय गर्ने अपेक्षा गरिएको छ," कमर्स बैङ्कका विश्लेषक कार्स्टन फ्रिट्सले भन्नुभयो । "केही देशहरू उत्पादन बढाउन चाहन्छन् त्यसैले अझै पनि अनिश्चितताहरू छन्,"उहाँले थप्नुभयो । भियनास्थित ओपेक सङ्गठननिकट स्रोतका अनुसार भर्चुअल बैठक स्थानीय समयअनुसार बिहीबार ११:३० बजे सुरु हुनेछ ।

"प्रति दिन २.२ मिलियन ब्यारेलको स्वैच्छिक अतिरिक्त उत्पादन कटौती गर्दै आएका आठ देशहरूले हाल जनवरीबाट उत्पादन बढाउन सुरु गर्ने तयारीमा छन् । उनीहरू नयाँ सम्झौता बिना नै उत्पादनलाई क्रमशः बढाउँदै सन् २०२२ को स्तरमा फर्काउन चाहेका छन् । अल्जेरिया, इराक, कजाकिस्तान, कुवेत, ओमान, रुस, साउदी अरब र संयुक्त अरब इमिरेट्स (युएई) ले अक्टोबर र त्यसपछि डिसेम्बरमा सुरु भएको उत्पादन वृद्धिलाई दुई पटक पछाडि धकेलिसकेका छन् ।

आपूर्ति कटौतीले बजारमा मौन प्रभाव मात्र पारेको छ, अमेरिकी राष्ट्रपति-निर्वाचित डोनाल्ड ट्रम्पले अमेरिकी तेल उत्पादनलाई बढावा दिने नीतिहरू अपनाउने अपेक्षा गरिएको छ अर्थव्यवस्था कमजोर रहेको सन्दर्भले गर्दा चीनको माग दर कमजोर छ ।अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले गत महिना आफ्नो हालको सन्तुलनले ओपेक प्लस कटौती कायम रहे पनि विश्वव्यापी आपूर्ति अर्को वर्ष प्रति दिन १० लाख ब्यारेलभन्दा बढी अर्थात् मागभन्दा बढी हुने देखिन्छ।"

ओपेक प्लस राष्ट्रहरूले हाल दैनिक ६० लाख ब्यारेल तेल रोकेका छन्, जसमा दैनिक २२ लाख ब्यारेल तेल उत्पादन पनि समावेश छ जुन उनीहरूले बजारमा फिर्ता ल्याउने बारे छलफल गरिरहेका छन् ।डीएनबी बैंकका विश्लेषकहरूले बजारमा 'सन् २०२५ मा ओपेक + तेलको लागि अतिरिक्त कुनै ठाउँ छैन' र उत्पादनमा वृद्धिले कच्चा तेलको मूल्यलाई तल धकेल्ने बताएका छन्।

यसले साउदी अरबलाई अप्रसन्न बनाएमा यसले उसको अर्थव्यवस्थालाई विविधीकरण गर्ने प्रयासहरूको लागि तेलको उच्च मूल्यमा निर्भर बनाउँछ । "भिजन २०३० का लागि साउदी अरब बलियो मूल्यमा अत्यधिक निर्भर छ र उत्पादन कटौतीका साथ संयुक्त ओपेकको आवश्यकता छ," इनर्जी इन्टेलिजेन्सका विश्लेषक अमेना बकरले भन्नुभयो ।

# खेलाडीको विषयमा चलचित्र निर्माण हुनु गौरवको विषय: कप्तान चेम्जोङ

काठमाण्डु । नेपाली पुरुष राष्ट्रिय फुटबल समूहका कप्तान किरण चेम्जोङले खेलाडीको विषयमा चलचित्र निर्माण हुनु गौरवको विषय भएको बताउनुभएको छ ।

सन् २०२४-२५ का लागि युरोपियन राष्ट्र ग्रिसको महिला ए डिभिजन लिग क्लबमा छनोट हुनुभएकी नेपाली राष्ट्रिय महिला फुटबल समूहकी कप्तान तथा गोलकिपर अञ्जिला तुम्बापो सुब्बाको जिवनीमा आधारित चलचित्र 'अञ्जिला' सार्वजनिक हुनुअघि कप्तान चेम्जोङले सो करा बनाउनुभएको हो ।



चलचित्र 'अञ्जिला' निर्माण समूहले विहिबार आयोजना गरको एक कार्यक्रममा कप्तान चेम्जोङले भन्नुभयो, "मैले अञ्जिला बहिनीको मेहनतलाई नजिकबाट नियालेको छु, उहाँको कथामा यसरी चलचित्र बन्दा निकै खुसी छु । हामी खेलाडीको कथामा आधारित भई नेपाली चलचित्र कमै बन्ने गरेको छ, आउँदा दिनमा यो बढ्ने छ भन्नेमा विश्वस्त छु । अञ्जिला बहिनीको कथाले हाम्रा धेरै चेलीलाई 'इन्स्पाएर' गरेर आफ्नो गन्तव्यमा अगाडि बढ्न मद्दत गर्छ भन्नेमा पनि विश्वत छु । नेपाली चलचित्रको बजार जसरी बढिरहेको छ, अब कथामा पनि विविधता आउनु जरुरी छ, निर्देशकलाई धन्यवाद भन्न चाहन्छु ।"

आफूले कहिल्यै नसोचेको कुरा आफ्नै जिवनीमा चलचित्र बन्ने र आफैँले अभिनय गर्न पाउँदा छुट्टै अनुभव सङ्गालेको बताउँदै महिला कप्तान सुब्बाले भन्नुभयो, "अहिले नेपाली फुटबलमा महिलाका लागि पनि राम्रो समय सुरु भएको छ । हामीले पछिल्लो समय हासिल गरेको उपलब्धिले हाम्रो मेहनतलाई सबैसामु ल्याएको छ । सबैको सहयोगले युरोपमा पहिलोपटक खेल्ने मौका पाएकी छु । यसबाट अन्य साथीहरूसमेत लाभान्वित हुनुहुनेछ भन्ने विश्वास छ ।"

फुटबल खेलाडी एवं कप्तान सुब्बाको घर निर्माण गर्ने उद्देश्यका साथ निःशुल्क रूपमा चलचित्र निर्देशन गरेको जानकारी दिँदै 'अञ्जिला' चलचित्रका निर्देशक मिलन चाम्सलले यही मङ्सिर २३ गेत हङकङबाट विशेष प्रदर्शनी (प्रिमियर शो) हुने र त्यसपछि मात्र उक्त चलचित्र नेपालमा प्रदर्शनी हुने बताउनुभयो ।

'अञ्जिला' चलचित्रमा कप्तान सुब्बासँगै सुनिल थापा, दयाहाङ राई, विजय बराल, सिर्जना सुब्बा, माओत्से गुरुङ, मञ्जु श्रेष्ठ, बुद्धि तामाङलगायत कलाकारले अभिनय गर्नुभएको छ । सुदीप बरालले छायाङ्कन, मिलन श्रेष्ठले सम्पादन गर्नुभएको 'अञ्जिला' चलचित्रको कथा प्रदीप भारद्वाजले लेख्नुभएको निर्देशक चाम्सले जानकारी दिनुभयो ।रासस

# सन् २०२५ का लागि नौ अर्ब ९० करोड डलर सहयोग जुटाउने युनिसेफको लक्ष्य

एएफपी

संयुक्त राष्ट्रसङ्घ । राष्ट्रसङ्घको बालबालिकासम्बन्धी निकाय (युनिसेफ)ले विश्वका युद्ध तथा अन्य सङ्कटबाट प्रभावित लाखौं युवाका लागि अर्को वर्ष सहयोग उपलब्ध गराउन नौ अर्ब ९० करोड अमेरिकी डलर को आर्थिक सहायता आह्वान गरेको छ ।'बालबालिकाको मानवीय आवश्यकताको मात्रा बढिरहेको र यसका लागि सहयोग रकममा पनि वृद्धि हुनु जरूरी रहेको युनिसेफकी कार्यकारी निर्देशक क्याथरिन रसेल बताउनुभएको हो ।

उहाँले भन्नुभयो, "हरेक दिन धेरै बालबालिका प्रभावित भएका छन् । यसका कारण बालबालिकाको मानवीय आवश्यकताको मात्रा ऐतिहासिक उच्च स्तरमा छ र यसका लागि सहयोगका लागि थप रकम जुटाउने लक्ष्य हाम्रो संस्थाले लिनु जरूरी छ।" उक्त रकमले १० करोड ९० लाख बालबालिकालाई लक्षित गरी प्राथमिक स्वास्थ्य संस्था, मानसिक स्वास्थ्य सेवा, खानेपानी तथा शिक्षा, कुपोषण जाँच र लैङ्गिक हिंसा न्यूनीकरणमा पहुँचका लागि सहयोग गर्नेछ ।

"हामीले सन् २०२५ मा १४६ देश र क्षेत्रका २१ करोड ३० लाख बालबालिकालाई मानवीय सहायताको आवश्यकता पर्नेछ । सहयोगका लागियो निकै ठूलो स॰्या हो," रसेलले भन्नुभयो ।"सहयोगका लागि युनिसेफको यो अपिल विश्वले मानवीय गतिविधिका कारण दीर्घकालीन आर्थिक सङ्कटको सामना गरिरहेको समय आएको छ ।गत वर्ष युनिसेफले ९.३ अर्ब अमेरिकी डलरका लागि अपिल गरेको थियो ।

यो बर्ष सबैभन्दा बढी एक अर्ब अमेरिकी डलर बराबरको रकम अफगानिस्तानका लागि, त्यसपछि सुडान, प्रजातान्त्रिक गणतन्त्र कङ्गो, प्यालेस्टिनी क्षेत्र र लेबनानका लागि गरिएको छ ।यसैबीच, संयुक्त राष्ट्रसङ्घीय जनसंख्या कोष (युएनएफपीए) ले ५७ देशका चार करोड ५० लाख महिला तथा बालिकालाई सहयोग गर्न एक अर्ब ४० करोड अमेरिकी डलरको आह्वान गरेको छ ।

राष्ट्रसङ्घको यौन तथा प्रजनन स्वास्थ्य निकायले आफ्नो गतिविधिको एक हिस्साको रूपमा अनुमानित ११ मिलियन गर्भवती महिलाहरूलाई सहयोगका लागि 'मिडवाइफ'हरू तैनाथ गर्दछ । यसका लागि सन् २०२५ मा 'तत्काल' सहयोगको आवश्यकता पर्ने बताएको छायुएनएफपीएकी कार्यकारी निर्देशक डा. नतालिया कनेमले भन्नुभयो, "हरेक द्वन्द्वग्रस्त क्षेत्र र विपतमा महिला तथा बालिकाले गम्भीर जोखिमको सामना गर्छन् । द्वन्द्वले उनीहरूको जीवन र कल्याणका लागि अत्यावश्यक सेवाहरूमा पहुँचलाई खतरामा पार्छ ।

कनेमले भन्नुभयो, "कुनै पनि महिला बच्चा जन्माउने क्रममा ज्यान गुमाउन नपरोस् भनी हामी सबै मिलेर यो सहयोग रकमको जोहो गर्नु आवश्यक छ किनकि हरेक महिला, किशोरी वा बालबालिका सबैभन्दा विकट परिस्थितिमा पनि हानिबाट सुरक्षित रहन सकून् ।"

# सिटिजन्स बैंक इन्टरनेसनललाई 'बैंक अफ द ईयर-२०२४' को अवार्ड

**टुडे समाचारदाता**

काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड विश्वको प्रतिष्ठित 'बैंक अफ द ईयर-२०२४' को अवार्डबाट लण्डनमा सम्मानित भएको छ।

संयुक्त अधिराज्य (युके) अवस्थित द फाइनान्सियल टाईम्सले डिसेम्बर ४, मा आयोजना गरेको एक कार्यक्रमका बीच सिटिजन्स बैंकलाई बैंक अफ द ईयर २०२४ को अवार्ड प्रदान गरिएको हो ।बैंक सञ्चालक समितिका अध्यक्ष प्रवलजङ्ग पाण्डे र बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले बैंकको प्रतिनिधित्व गर्दै सम्मान ग्रहण गरे।

समारोहमा करिब १०० भन्दा बढी देशका बैंकका अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत लगायतका अधिकारीहरु सहभागी थिए ।बैंक सञ्चालक समितिका अध्यक्ष प्रवलजङ्ग पाण्डेले बैंकिङ्ग क्षेत्रको ओस्कार पुरस्कार मानिने विश्वको प्रतिष्ठित बैंक अफ द ईयर २०२४को अवार्ड बैंकले प्राप्त गर्न सफल भएकोमा गौरव महसुस गर्दै यसबाट आगामी दिनमा अझ उत्कृष्ट प्रविधिमैत्री आधुनिक बैंकिङ्ग सेवा प्रदान गर्न हौसला मिलेको बताए।

बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले सरोकारवाला निकायहरुको सहयोग एवं कर्मचारीहरुको अहोरात्र मेहनतबाट अवार्ड प्राप्त




गर्न सम्भव भएको उल्लेख गर्दै सेवा सुविधाहरुमा थप्ने बल प्रदान गरेको बताए ।द फाइनान्सियल टाईम्सले वार्षिक रुपमा विभिन्न देशका बैंकहरुले गर्ने कार्यसंम्पादन एवं गतिविधिहरुलाई मध्यनजर गर्दै बैंक अफ द ईयरबाट सम्मानित गर्ने गरेको छ।

सिटिजन्स बैंकले हालैमात्र फोनपेसँगको सहकार्यमा नेपालमै पहिलो पटक 'सिटिजन्स 'भर्चुअल क्रेडिट कार्ड ' सञ्चालनमा ल्याएको छ। भौतिक कार्डबिना नै मोवाइलको माध्यमबाट स्क्यान गरि क्रेडिट कार्डको सुविधा उपभोग गर्न सकिने विशेषता छ। बैंकले देशैभरी ६० जिल्लामा फैलिएका आफ्ना १९७ वटा शाखा, १६२ वटा एटीएम, ३ विस्तारित काउन्टर र ७४ वटा शाखारहित बैंकिङ्ग ईकाइहरुबाट करिब १८ लाख भन्दा बढी ग्राहकलाई बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ।

# यस्तो छ विदेशी मुद्राको विनिमय दर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले बिहीबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। विहिबारका लागि तय भएको विनिमय दरअनुसार अमेरिकी डलर एकको खरिदर एक सय ३४ रुपैयाँ २९ पैसा र बिक्रीदर एक सय ३५ रुपैयाँ ८९ रहेको छ।

राष्ट्र बैंकका अनुसार युरोपियन युरो एकको खरिददर एक सय ४२ रुपैयाँ ११ पैसा र बिक्रीदर एक सय ४२ रुपैयाँ ७८ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर एक सय ७१ रुपैयाँ ४३ र बिक्रीदर एक सय ७२ रुपैयाँ १९ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर एक सय ५२ रुपैयाँ ६५ पैसा र बिक्रीदर एक सय ५३ रुपैयाँ ३३ पैसा कायम गरिएको छ।

केन्द्रीय बैंकका अनुसार अष्ट्रेलियन डलर एकको खरिददर ८६ रुपैयाँ ८० पैसा र बिक्रीदर ८७ रुपैयाँ १८ पैसा, क्यानेडियन डलर एकको खरिददर ९६ रुपैयाँ २१ पैसा र बिक्रीदर ९६ रुपैयाँ ६४ पैसा, सिङ्गापुर डलर एकको खरिदार एक सय रुपैयाँ ५० पैसा




र बिक्रीदर एक सय एक रुपैयाँ ९४ पैसा निर्धारण गरिएको छ।

यस्तै, जापानी येन १० को खरिददर आठ रुपैयाँ १० पैसा र बिक्रीदर नौ रुपैयाँ ०६ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ५६ पैसा र बिक्रीदर १८ रुपैयाँ, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ र बिक्रीदर ३६ रुपैयाँ १६ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ११ पैसा र बिक्रीदर ३७ रुपैयाँ २८ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाइभाट एकको खरिददर तीन रुपैयाँ ९५ पैसा र बिक्रीदर तीन रुपैयाँ ९६ पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ८३ पैसा र बिक्रीदर ३७ रुपैयाँ, मलेसियन रिङ्गेट एकको खरिदर ३० रुपैयाँ ३९ पैसा र बिक्रीदर ३० रुपैयाँ ५२ पैसा तोकिएको छ ।यस्तै, साउथ कोरियन वन एक सयको खरिदर नौ रुपैयाँ ५६ पैसा र बिक्रीदर नौ रुपैयाँ ६० पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ २९ पैसा र बिक्रीदर १२ रुपैयाँ ३४ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ०६ पैसा र बिक्रीदर १९ रुपैयाँ १४ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १७ रुपैयाँ ३८ पैसा र बिक्रीदर १७ रुपैयाँ ४६ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ३९ रुपैयाँ ७४ पैसा र बिक्रीदर चार सय ४१ रुपैयाँ ६९ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ५८ रुपैयाँ ८० पैसा र बिक्रीदर तीन सय ६० रुपैयाँ ३९ पैसा, ओमानी रियाल एकको खरिददर तीन सय ५१ रुपैयाँ ४२ पैसा र बिक्रीदर तीन सय ५२ रुपैयाँ ९७ पैसा तोकेको छ। यस्तै, भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ।

राष्ट्र बैंकले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ ।रासस

# ठमेलमा ठेट नेपाली स्वाद पस्कँदै 'द गोल्डेन थाली'

काठमाण्डु । पर्यटकलाई लक्षित गरेर पर्यटकीय क्षेत्र ठमेलमा विभिन्न भोजनालय विस्तारको काम तीव्र रूपमा भइरहेको छ । यहाँ पर्यटकलाई लक्षित गरी स्वादिष्ट भोजनका लागि विभिन्न ब्राण्डहरू खुलिरहेका छन् । यसैक्रममा पर्यटकीय क्षेत्र ठमेलस्थित ठमेल इको रिसोर्ट परिसरमा 'द गोल्डेन थाली' सुरू भएको छ। लामोसमय पर्यटन र सेवा उद्योगमा क्रियाशील 'अर्थ बाउण्ड एक्सपेडिसन' का राजन सिंखडा, मकालु एड्भेञ्चरका मोहन लम्सालको अग्रसरता र शेफ नेपाल टिमको परिकल्पनामा ठेट नेपाली स्वाद पस्कने उद्देश्यका साथ 'द गोल्डेन थाली' सुरु गरिएको हो।



नेपालको मध्य पहाडी क्षेत्रको खानालाई प्रवर्द्धन तथा प्रचारप्रचार गर्ने र सम्पूर्ण नेपाललाई प्रतिनिधित्व गर्ने गरी थाली तयार गरिएको ठमेल इको रिसोर्टका सञ्चालकद्वय सिम्खडा तथा मोहन लम्सालले बताउनुभयो।

सिम्खडाले नेपाली खानाको परम्परागत शैलीलाई प्राथमिकता दिइएको बताउनुभयो । "नेपाली खानाको आधार नै अचार हो । सिलौटोमा पिनेको चट्नी, गालेको अचार, पकाएको ताजा अचारलगायत स्वाद गोल्डन थालीमा पाइने छन् । थालीका लागि आवश्यक मसला सिलौटोमै पिनेर ठेट नेपाली स्वाद दिने प्रयास गरिएको छ।

हाम्रो यहाँ मासुसहित विभिन्न १५ परिकार समावेश छन्", उहाँले भन्नुभयो।

गोल्डेन थालीमा विभिन्न परिकार विकल्पका रूपमा छन् । यहाँ मास, मुसुरो, बोडी, सिमी र मिक्स दाल रुचिअनुसार छनोट गरेर खान पाइन्छ।

ढिँडोमा पनि मकै, गहुँ, कोदो र फापरको विकल्प छ । ग्राहकले भातमा मार्सी, ताइचिन, बासमती र जिरा मसिनोमध्ये रोज्न पाउने गरी मेनु तयार पारिएको सञ्चालक लम्सालले जानकारी दिनुभयो।

यहाँ एकैपटक एक सयभन्दा बढीलाई सेवा दिन सक्ने क्षमता रहेको उहाँले बताउनुभयो । "हाल बिहान ११ बजेदेखि राति १० बजेसम्म सेवा दिइहेका छौँ । हामीले शाकाहारी भोजनका लागि पाँच सय ५० रुपैयाँ र मासुसहितको थालीका लागि अतिरिक्त शुल्क लिने गरेका छौँ । द गोल्डेन थालीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) अनु ढकालले थरिथरीका नेपाली पाक-अनुभव बोटल्न सकिने स्थानका रूपमा विकास गर्दै जाने योजना रहेको बताउनुभयो ।रासस

# सुन्तलाले बजार पाएन



मन्थली। यहाँ सुन्तलाले बजार नपाउँदा किसान सस्तो मूल्यमा बिक्री गर्न बाध्य छन् । जिल्लाको मन्थली नगरपालिका-१४ फुलासीमा व्यावसायिक रूपमा करिब एक हजार आठ सय रोपनी क्षेत्रफलमा लगाइएको सुन्तलाले बजार पाउन नसकेकको स्थानीय सुन्तला कृषक तुलबहादुर तामाङले बताउनुभयो।

आफूले करिब ५० रोपनी जग्गामा लगाएको सुन्तला गत वर्षदेखि राम्रो उत्पादन हुन थाले पनि बजारको सुविधा नभएकाले सस्तोमा बिक्री गर्नुपरेको बताउनुभयो।

अर्का कृषक भरत वाइबा पनि आफूले दुई हजार बोट सुन्तला लगाएर उत्पादन गरिरहेको तर बजार नपाएकाले समस्या भएको बताउनुहुन्छ । "विगतका वर्षमा बगैँचाबाटै प्रतिकेजी सुन्तला रु एक सयमा बिक्री वितरण हुने गरेको थियो, यस वर्ष भने प्रतिकेजी रु ७५/८० मै दिनुपर्ने बाध्यता छ। के गर्नु उत्पादन गरे पनि बजार नभएपछि।"

मन्थली नगरपालिका-१४ फुलासीमा अहिले प्रायः घरैपिच्छे सुन्तला बगैँचा छन् । यहाँ कसैले व्यावसायिक रूपमा त कसैले आफ्नै घरायसी उपभोगका लागि सुन्तला रोपेका छन्। यहाँ पुग्ने जो कोहिलाई पहेलपुर सुन्तलाले लोभ्याउछ । यसवर्ष यस वडाबाट करिब रु दुई करोडको सुन्तला बिक्री गर्ने लक्ष्य भए पनि मूल्य निर्धारण गरी आवश्यक बजार व्यवस्थापन नहुँदा आफूहरू मारमा परेको कृषक वाइबाले गुनासो गर्नुभयो।

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाले यस पालिकामा रहेका सुन्तला व्यवसायीलाई ५० प्रतिशत अनुदानमा रोग तथा कीटाणुनाशक औषधि र भिटामिन छर्न अनुदान सहयोग गरेको थियो।

बजारीकरणका लागि भने स्थानीय तह र अन्य निकायबाट पनि सहयोग नपाइएको स्थानीय कृषकको गुनासो छ।

"हामीले वर्षभरि मेहनत गरेर उत्पादन गर्छौं, त्यसको प्रतिफल पनि राम्रै छ तर बजार नभएकाले लागतअनुसार मूल्य पाएनौँ। यसरी त सधैँ व्यवसाय हुँदैन। त्यसैले सरकारले नै हामीलाई सहयोग गर्न आवश्यक छ", स्थानीय किसानको भनाइ छ ।रासस


## धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको प्रथम पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः २०८१/०८/२१ गते)

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता तथा कर्जा बुझाउने बारे २१(एक्काईस) दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने ब्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ। उल्लेखित ३५(पैंतीस) दिन भित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने ब्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसील**

धितो लिलाम बिक्री हुने मिति : २०८१ साल पुस महिना २६ गते

सम्बन्धित कार्यालय तथा लिलाम हुने कार्यालय/स्थानः कृषि बिकास बैक शाखा कार्यालय, सिराहा

**ग्राहकको विवरण**

१) **ग्राहकको नामः दिनेश यादब** ना.प्र.नंः ६०९०१/८८४००५०५ जारी मितिः २०६१/०७/२४ जारी भएको कार्यालय सिराहा बाबुको नामः कुसेश्वर धुरझार बाजेको नामः नथुनी धुरझर पत्नीको नामः सोमबिका यादब

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| सरल कृषि कर्जा/११०२६ | दिनेश यादब | सिराहा | महिशोथा | २ | ७११ | ०-२-६.२५-० |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| दिनेश यादब | सिराहा | ६०९०१/८८४००५०५ | सिराहा/२०६१/०७/२४/ जिल्ला प्रसाशन कार्याल | कुसेश्वर धुरझार | नथुनी धुरझर |

२) **ग्राहकको नामः बालेश्वर यादब** ना.प्र.नं.: ९५०४९८४४/८४४ जारी मितिः २०४१/०३/२७ जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, सिराहा बाबुको नामः अनरुद कुसियौत बाजेको नामः सुनर कुसियैत यादब पत्नीको नामः विणा शर्मा

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| सरल कृषि कर्जा/१०९८५ | बालेश्वर यादब | सिराहा | बेल्हा | ८ | ३०२२ | ०-९-१७-० |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| रोशन नेपाल | थलहाकटहा ५ | ९८६१।६३ | सिराहा/२०६३/०५/१६/ जिल्ला प्रसाशन कार्यालय | वालेश्वर यादब | अनरुद कुसियैत |

३) **ग्राहकको नामः जय प्रकाश कारक** ना.प्र.नं.: घठ जारी मितिः २०५६/०२/३१ जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, सिराहा बाबुको नामः दपी कारक बाजेको नामः सरुप कारक पत्नीको नामः शिला कारक

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| घरायसी कर्जा/७६०२ | जय प्रकाश कारक | सिराहा | लगडिगोठ | ५ | ४९७, ३१६६ ३५८ | ०-१-१-४-०, ०-३-० ०-१-१० |
| | शिला कारक | सिराहा | लगडिगोठ | ५ | १९, १२९ २२२, ३९७ ३९ | ०-१-०, ०-२-५ ०-२-०, ०-१-१.०५ ०-६-१ |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| सुनिता देवी कारक | लगडिगोठ ३ | ५२३७२७८७/१४८३ | सिराहा/२०४३/०९/१४/ जिल्ला प्रसाशन कार्यालय | जय प्रकाश कारक | सरुप कारक |

४) **ग्राहकको नामः राम कुमार ठाकुर** ना.प्र.नं.: १४८४र२९५ जारी मितिः २०४७/०४/१९ जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, सिराहा बाबुको नामः जोगेन्द्र ठाकुर बाजेको नामः खखुन ठाकुर पत्नीको नामः इनैर देवी ठाकुर

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| सरल कृषि कर्जा/ ९६४७ | राम कुमार ठाकुर | सिराहा | विष्णुपुर प्र.म | २ ख | ३०७,२१९ २२० | ०-१-०-०, ०-२-०-० ०-२-०-० |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| इनैर देवी ठाकुर | विष्णुपुर १ | १६३७१६७२/४२४१ | सिराहा/२०५४/१२/०३ जिल्ला प्रसाशन कार्यालय | राम कमार ठाकुर | जोगेन्द्र ठाकुर |

**शर्तहरू** :

१) धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ।

२) धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३(तीन) जना ब्यक्ति/संस्थाहरुले भाग लिएको हुनु पर्नेछ।

३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी रकम बोलकबोल गर्ने ब्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखि जम्मा भएको हुनु पर्नेछ।

४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७(सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ। बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ।

५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन।

६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ।

७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन।

८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदातालेनै ब्यहोर्नु पर्नेछ।

९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।

१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय, काठमाण्डौं**

# विरामीलाई मैत्रीपूर्ण व्यवहार गर्न चिकित्सकलाई आग्रह

**टुडे समाचारदाता**

राजविराज । जनमत पार्टी मधेश प्रदेशका संसदीय दलका नेता महेशप्रसाद यादवले गजेन्द्र नारायण सिंह अस्पतालको निरीक्षण गरी चिकित्सकलाई सल्लाह दिँदै बिरामीलाई मैत्रीपूर्ण व्यवहार गर्न आग्रह गरेका छन् ।



राजविराजमा बिहीबार अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा. श्रीराम तिवार ीसमेतलाई साथ लिई अस्पतालको वार्ड/वार्डमा पुगेर पूर्वमन्त्रीसमेत रहेका संसदीय दलका नेता यादवले उपचार व्यवस्था, सरसफाई, विरामीको समस्या तथा सुधार्नु पर्ने पक्षका बारेमा जानकारी लिँदै अस्पताल प्रशासनलाई आवश्यक निर्देशन समेत दिएका छन् ।

निरीक्षणका क्रममा नेता यादवले अस्पतालका बिरामीहरुलाई दिनु पर्ने औषधि र उपचार, बिरामी संग मैत्रीपुर्ण व्यवहार तथा बिरामीलाई आवश्यक परेका बखत चिकित्सकको उपलब्धता मिलाउनलगायतका विषयमा मेसु तिवारीलाई निर्देशन दिएका थिए ।

उनले अस्पतालमा आउने निम्न आय भएका सबै बिरामीलाई समेत गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच पुर्‍याउने व्यवस्था मिलाउन आफूले समेत पहल गर्ने प्रतिबद्धता जनाए ।

नेता यादवले बिरामीको सेवामा समर्पित चिकित्सकहरुको भूमिका मानवीय भावनाले ओतप्रोत रहनु पर्ने भन्दै त्यसलाई गजेन्द्र नारायण सिंह अस्पतालका चिकित्सकहरुले पनि प्रमाणित गरेर देखाउन आग्रह गरे । सो क्रममा मेसु तिवारीले अस्पतालमा आएका बिरामीहरुलाई उपलब्ध जनशक्ति तथा उपकरणको आधारमा सकेसम्म गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिरहेको जानकारी दिँदै थप जनशक्ति तथा उपकरण उपलब्ध भएमा अझै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न अस्पताल सक्षम हुने बताए ।

निरीक्षण टोलीमा जनमत पार्टी सप्तरीका इन्चार्ज रामगमन साहका साथै स्थानीय नेता/कार्यकताहरुको समेत सहभागिता थियो ।

# हरिपुर्वामा दुई दिन विदा

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिपुर्वा नगरपालिकाले दुई दिनको स्थानीय विदा दिएको छ । यही मंसिर २४ र २५ गते गढीमाई मेला भर्नका लागि विदा दिएको जनाइएको छ ।

मेयर गोपालकुमार पँजियारले आज एक सूचना जारी गर्दै नगरपालिकाको दुई स्थानमा समेत गढिमाई मेला महोत्सव लागिरहेकाले मंसिर २४ गते सोमबार र २५ गते मंगलबार समेत स्थानीय सार्वजनिक विदा दिएको जनाएको छ ।

बारामा लाग्ने गढिमाई मेला महोत्सवका लागि मधेश प्रदेश सरकारले मंसिर २३ गते आइतबार विदा दिइसकेको छ ।

मधेश प्रदेशमा मंसिर २१ गते शुक्रबार सीताराम




विवाहपञ्चमी महोत्सवको अवसरमा पनि सार्वजनिक विदा रहेको छ ।

सर्लाहीसहित मधेश प्रदेशका विभिन्न जिल्लामा अहिले गढिमाई मेला महोत्सवको उल्लासमय छ ।

कविलासी नगरपालिकाको वडा नं. ६ स्थित जमुनियाँमा बिहीबार गढिमाई मेला महोत्सवको मधेश सरकारका अर्थमन्त्री सुनिलकुमार यादवले उद्घाटन गरेका छन् ।

कार्यक्रममा सर्लाही क्षेत्र नं. ३ का प्रतिनिधिसभा सदस्य हरिप्रसाद उप्रेती, कविलासी नगरपालिकाका नगरप्रमुख ब्रम्हदेव राय, उपप्रमुख पुनम कर्णलगायतको आतिथ्यता रहेको थियो ।

# अध्यापन अनुमतिपत्र नक्कली भेटिएपछि कैद




**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको गणेशमान चारथान नगरपालिकाको बरमझियास्थित एक विद्यालयमा कार्यरत रहेका एक शिक्षको अध्यापन अनुमतिपत्र नक्कली भेटिए पछि कैद र रकमको फैसला सुनाएको छ ।

स्थायी अध्यापन अनुमतिपत्र नक्कली भेटिएपछि विशेष अदालतले नक्कली शिक्षकको आरोपमा ब्रह्मदेव यादवलाई सजाय सुनाएको छ । ब्रह्मदेव यादवको हकमा विशेषले ६ महिना कैद र १० हजार रुपैयाँ जरिवाना हुने फैसला गरेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यसै वर्ष २५ असारमा नक्कली प्रमाणपत्र शीर्षकमा मुद्दा दायर गरेको थियो । अदालतले सुनुवाइ गर्दै विशेषका न्यायाधीशत्रय खुसीप्रसाद थारू, रामबहादुर थापा र मुरारीबाबु श्रेष्ठको इजलासले ठहर हुने फैसला गरेको छ ।

आरोपित यादवले धनुषाको गणेशमान चारथान नगरपालिकाको बरमझियास्थित एक विद्यालयमा ०६३ सालदेखि नक्कली लाइसेन्स पेस गरी राहत कोटामा नियुक्ति लिएका थिए । उजुरी परेपछि अख्तियारले छानबिन गरी मुद्दा दिएको थियो ।

# प्रशासकीय अधिकृतसहित ५ जनाविरुद्ध मुद्दा

**टुडे समाचारदाता**

लहान । सिरहाको धनगढीमाई नगरपालिकाले औषधि खरिदमा अनियमितता भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेको छ ।

आयोगले बिहीबार विशेष अदालतमा पाँच जनालाई प्रतिवादी बनाउँदै मुद्दा दायर गरेको छ ।

तत्कालीन प्रमुख प्रशासकीय अधिकृत गोपालप्रसाद बगाले, लेखा अधिकृत पुरुषोत्तमकुमार प्रसाद, तत्कालीन स्वास्थ्य शाखा प्रमुख सुरेत चौधरी, जिन्सी शाखा प्रमुख सम्पैत यादव र हेल्पिङ मल्टी प्रपोज प्रालि मैतीदेवीका प्रबन्धक निर्देशक माधवप्रसाद गौतम छन् ।

आर्थिक वर्ष ०७८/०७९ मा आधारभूत तथा आकास्मिक स्वास्थ्य सेवाका औषधि खरिदमा भ्रष्टाचार भएको अख्तियारका प्रवक्ता नरहरि घिमिरेले बताए । नेपाल सरकारको सःशर्त अनुदान शीर्षकबाट विनियोजित रकममध्ये १७ प्रकारका औषधिहरू प्रचलित मूल्यभन्दा बढी मूल्य राखी उनीहरूले खरिद गरेको खुलेको छ ।

आरोपितहरुमाथि ४ लाख ६० हजार ८१० रुपैयाँ भ्रष्टाचार गरेको आरोप छ । प्रतिवादीहरु सबैलाई जनही ४ लाख ६० हजार ८१० रुपैयाँ बिगो माग दाबी गरिएको छ ।

# चलु सखी देबअ चुमाओन हे, जनकजीके अंगना



हिमांशु चौधरी

त्रेतायुगमा भगवान सीतारामको विवाह भएको स्मरणमा मिथिलावासीले हरेक वर्ष विवाहका पञ्चमीका दिन प्रतीकात्मक सीतारामको विवाह महोत्सव मनाउँदै आएका छन् । त्रेता युगमा जनकपुरधाममा राजा जनकद्वारा धनुष उठाउनेसँग पुत्री सीताको विवाह प्रस्ताव गर्नु, अयोध्याका राजकुमार मर्यादा पुरूषोत्तम रामका गुरू विश्वामित्रसँग जनकपुरधाम आउनु र माता सीतासँगको विवाहको सेरोफेरोमा केन्द्रित अनुपम सामाजिक, सांस्कृतिक र धार्मिक महोत्सवमा मिथिलावासीको भावपूर्ण आनन्दमिश्रित सहभागिता रहनुका साथै परम्परागत रुपले विवाहोत्सवसँग सम्बन्धित मैथिल विधिविधान र विवाह पद्धति अनुरुपको आचार व्यवहारको लालित्यपूर्ण पुनरावृत्तिले सीतारामको सम्बन्धलाई पुनर्जीवित गर्दछ । विवाह प्रसङ्गलाई विभिन्न पक्षद्वारा सजीव र मूर्तरूपमा प्रस्तुत गर्नु महोत्सवको विशेषता मानिएको छ ।

भगवान रामको चरित्र लौकिक र अलौकिकरूपमा लोकमानसमा अंकित छ । अलौकिकरूपमा रामलाई निर्गुण ब्रम्ह एवम् सगुण विष्णु मानिएको छ भने सीतालाई शक्तिस्वरूपा, बुद्धिरूपा, ब्रम्हमयी र योगमायाको संज्ञा दिइएको छ । रामकाव्य परम्परा अन्तर्गत सीता नारी भावनाको चरमोत्कृष्ट निर्देशन हो भने त्यसमा नारी आदर्श सप्रमाण एवं जीवन्त छ । नारी पात्रहरुमा सीताको विनयशीला, लज्जाशीला, संयमशीला, सहिष्णु र पतिव्रतको दीप्तिले देदीप्यमान छ । सम्पूर्ण रामकाव्य सीताको तप,त्याग एवं बलिदानले प्याप्त छ । आदर्श श्रीमतीको चरित्र सीताको चरित्र त्यो बेला दृष्टिगोचर हुन्छ जब रामद्वारा वनमा संगे नलाने प्रेरणा गरेपछि सीताको अन्तिम निर्णय यो शब्दमा पाइन्छ :

*प्राणनाथ तुम्ह दिनु जग माही ,मो कहुँ सुखद कतहुँ कछु नाही*
*जिय बिन देह नदी बिन बारी ,तैसिअ नाथ पुरुष बिनु नारी*
*मैं सुकुमारी नाथ बन जोगु , तुम्हहिं उचित तप मो कहुँ भोगू*

विषम परिस्थितिमा स्त्रियोचित्त मनोबल एवं गरिमाको परिचय दिएको प्रसंग यसरी उल्लेख छ :

साहं त्वया गमिष्यामी वनम न संशयः । नाहं शक्या महाभाग निवर्तयितु मुह्यता ।

सीताको दृढताको परिचायकबोधक यी भावले तार्किक प्रखर व्यक्तित्वलाई स्पष्ट गर्दछ । सीता त्यो पवित्रता भएकी नारी हुन जसले आफ्नो स्वाभिमानको रक्षा गर्न जानेकी छन । पीडालाई कमजोरी बन्न नदिने, सन्तानलाई चारित्रिक उज्ज्वलता, दृढता एवं श्रेष्ठ मूल्य दिन्छन ।

सीता युगजीवनकको मर्यादा अनुरुप श्रमसाध्य जीवनयापनमा गौरवको अनुभव गराउने नारी छिन् । लोकापवादका कारण सीता निर्वासित हुन्छिन् तर न त उनी उदार हृदय र सहिष्णु चरित्रलाई परित्याग गर्दिन न त पतिलाई दोष दिन्छिन्, उनी त्यसलाई लोकोत्तर त्याग भनी शिरोधार्य गरी श्रेष्ठता साबित गरेकी छन् । सीता धरतीबाटै प्राकट्य भइ ऋषिमुनिसँगै पालित भएकी छन् । पवित्र भूमिको हलो रेखाबाट सीता प्राप्त भएपछि कृषकहरुले भने उनी जनकको बीज फल होइन अनि उनको छोरी कसरी हुन सक्छिन् ? यस प्रश्नको उत्तरमा राजा जनकले भने - पितृत्व बीजबाट होइन , ह्रदयभित्र अंकुरित हुन्छ । यही भावभूमिमा जनकले घोषणा गरे- उनी धरतीको छोरी भूमिजा हुन् , म उनलाई सीता भन्छु ।

सीता प्रकृतिको पालिका बन्ने तथा मानव सभ्यताको उदय हुने मूर्त रुप बनेर स्थापित छिन् । वेदमा सीताको उर्वरतालाई भगवतीको रुपमा मान्यता दिइएको छ । महाभारतको राम उपाख्यानमा सीतालाई जनकको जैविक पुत्री उल्लेख छ । सीताको प्राकट्य बारे विभिन्न आख्यान भए पनि हामीलाई राजा जनककी छोरी सीता मान्य छ, जो नारीको आदर्श छिन । अतः सीता अपरिमित, असीम, अपरिभाषित र अनन्त छिन ।

सीतालाई छोरी-बहिनीका रूपमा मान्ने मिथिलावासी महोत्सवमा देवीदेवताको सहभागिता सशरीर नभए पनि अदृश्य रूपमा उपस्थित हुने विश्वासले हर्ष र उल्लासकासाथ प्रतिछायाँ जन्तीको आगमनदेखि बिहेसम्म सहभागी हुने गरेका छन् । एउटा आश्चर्यको कुरा के छ भने मिथिलाका ८० प्रतिशतभन्दा अधिक नाममा रामको र अथवा सीताको स पाइन्छ । र एवम् स मिथिलावासीको चेतन, अवचेतन र अचेतनसम्म पुगेको दृष्टिगोचर हुन्छ ।

मिथिलामा कुनै पनि धार्मिक, सांस्कृतिक अनुष्ठानमा सीतारामको चर्चा आवश्यक मानिन्छ । त्यसैले पनि मिथिलामा प्रत्येक दुलहालाई राम र प्रत्येक दुलहीलाई सीताकारूपमा विवाह गर्ने चलन छ । मैथिल संस्कृति अनुसार विवाह महोत्सव मनाइने क्रममा राम मन्दिर र जानकीमन्दिरबाट रामसीताको प्रतिमालाई विशेष सुसज्जित डोलामा राखी रङ्गभूमिमा लगि स्वयम्बर र परीक्षण विधि भएपछि जानकी मन्दिरमा ल्याई विवाह संस्कार सम्पन्न गरिन्छ । त्यस्तै सो अवसरमा निस्किने भगवानको डोला शोभायात्रामा सहभागी हुनेले महोत्सव दैवी विवाह भएको अनुभव गर्दै आफूलाई धन्य सम्झन्छन् ।

महोत्सवमा विदाईको क्षण अत्यन्त कारूणिक हुन्छ



म,होत्सवमा सहभागी श्रद्धालुहरू प्रतीकात्मक सीतालाई आफ्नै छोरीलाई विदाई गरे झैँ भक्कानो छाडेर रूने गर्छन्, सो दृश्यले सबैको हृदय विदीर्ण हुन्छ । सो बखत सखीहरूद्वारा गाइने समदाउन गीतले प्रतीकात्मक विवाह वास्तविक विवाह झैं अनुभूति हुने गरेको छ । महोत्सवले पनि मिथिलाको प्राचीन स्वरूप र त्ससबखतको सांस्कृतिक उत्कर्षलाई प्रसङ्गहरूलाई प्रस्ट गर्दछ । जसले सम्पूर्ण जीवनशैलीलाई अत्यन्त सहज, अकृत्रिम, स्वाभाविक बनाएको पुष्टि हुन्छ । यसकारण पनि मिथिलावासीद्वारा रामलाई ज्वाइँ र भिनाजुकारूपमा श्रद्धा व्यक्त गर्दै प्रतीकात्मक सीताराम विवाहमा यसरी आशीष दिने गर्छन :

चलु सखी देबअ चुमाओन हे
जनकजीके अँगना ।

वर्तमान समयमा पनि सीतारामको विवाहको आयोजनाले हिन्दू संस्कृतिलाई जीवन्तता प्रदान गरिरहेको छ । सीताले नै रामको चरित्रलाई दिगो बनाएका कारण सीतारामको आदर्श मानव सभ्यता संस्कृतिका लागि अनुकरणीय रहेको छ । रामायण अनुसार जनकपुरधामको बाह्रविघामा आयोजना गरिएको सो स्वयम्वरमा देवीदेवताको उपस्थिति रहेको थियो । यसै प्रसंगलाई विभिन्नपक्षद्वारा प्रतीकात्मक रूपमा प्रस्तुत गर्नु नै सीताराम विवाह महोत्सवको विशेषता हो ।

मिथिलामा कुनै पनि धार्मिक -सांस्कृतिक अनुष्ठानमा सीतारामको चर्चा पाइन्छ । त्यसैले पनि मिथिलावासी प्रत्येक दुलहालाई राम र प्रत्येक दुलहीलाई सीता विवाह गर्ने गरेका छन् । हरेक आमा सीताकी आमा सुनयनाझैं यसरी गीतमा गाउँछिन् :

*एक दिन आहे सीता मन्दिर निपय गेली*
*धनुषा देल ओङ्गठाय*
*घरसँ बहार भेली सुनयना*
*बैस गेली देहरि झमाय............ ।*

( एक दिन सीता मन्दिर निप्नेक्रममा शिवधनुष उचालेको दृश्यले सुनयना सीताको विवाहले पीर पर्‍यो )

मिथिलामा सीताराम विवाहको सन्दर्भ सांस्कृतिक रंगले रोगन गरिएको देखिन्छ । रामको स्वरूपलाई भागवत्को दसौं स्कन्धमा चित्रित श्रीकृष्णको नजिक मिथिलावासीले मान्ने गरेका छन् । सीतारामका प्रसङ्ग झोपडीदेखि महलसम्म, बालकदेखि वृद्धसम्म, पुरूषदेखि महिलासम्म पाइने गरेका कारण मिथिलाका नारी हरेक दुलहालाई रामकारूपमा यसरी मनोविनोद गर्ने गरेको देखिन्छः

*राम लखनसन सुन्दर वर के*
*जनि केओ पढिओन गारि हे*
*केवल हास विनोदक पुछिओन सजनी*
*कहता कनेक विचारी हे........... ।*

( राम र लक्ष्मणजस्ता सुन्दर वरलाई गाली नगरौं , मात्र हास्यविनोद हुने प्रश्न गरौं , जसलाई उहाँले विचार गरी जवाफ दिनुहुनेछ )

यस्तै भावभूमिमा सीताराम विवाह महोत्सवमा हिन्दुका अतिरिक्त बौद्ध, शिख र इसाई धर्मावलम्बीहरू पनि सामेल भइ सीताराम विवाह प्रसङ्गलाई जीवन्त बनाउने गरेका छन् । महोत्सव मनाउने क्रममा मिथिलाको संस्कृति अनुसार मटकोर, तिलकोत्सव, स्वयम्वर र विवाह गरिँदा त्रेतायुगको झलक यस कलियुगमा देख्न पाइन्छ । यस अन्तर्गत पौराणिक व्यवस्थाअनुरूप राम मन्दिरबाट बाजागाजा, झाँकीसहित भगवान रामको प्रतिमालाई विशेषरूपमा निर्मित डोला सिंहासनमा राखी बाह्रविघा पुर्‍याइन्छ । त्यस्तै जानकी मन्दिरबाट सीतालाई विशेष सुसज्जित डोलामा राखी बाह्रविघामा लगिने प्रचलन रही आएको छ । बाह्रविघामा स्वयमवर र वैवाहिक विधि सम्पन्न भएपछि प्रतीकात्मक सीतारामलाई जानकी मन्दिरमा ल्याई मिथिला संस्कृतिअनुसार विवाह सम्पन्न गरिन्छ ।

*जनकपुरधामका बारेमा मिथिला महात्म्यमा यस किसिमले वर्णन गरिएको छ :*

*जानकी जन्मभूम्यां यः प्राणत्याग करौति वे*
*न याति विष्णु पदवी पापरागिनी पि हि ..........*

अर्थात जानकीको जन्मभूमिमा जसको देह त्याग हुन्छ, त्यो व्यक्ति सयौं पापको भागी भएर पनि विष्णुलोक पुग्छन् । यही भावले पनि जनकपुरधाम नपुगेकाहरू एकपटक यहाँ आउन चाहन्छन् ।

यसका लागि सीताराम विवाह महोत्सवलाई सुवर्ण अवसरका रूपमा मानिएको छ । बाहृविघामा वर र कन्या पक्षबीच हुने गरेको हाँसोठट्टा, गाउँ-गाउँबाट आउने गरेको सीतारामको प्रतीकात्मक झाँकी र लाखौं सम्मिलित श्रद्धालुको उत्साहमा यो महोत्सवमा वास्तविक विवाहझैं रमाइलो गरिने चलन रहेको छ ।

उठु उठु सखी लावा छिडिआउ, लावा अनुपम जोडी, सुन्दर जोडी जस्ता गीतको भावमा आह्लादपूर्ण युग परिवर्तक विलक्षण सम्मिलन आध्यात्मिक र सांस्कृतिक चेतनाको प्रेममय महोत्सवको क्षणलाई जनक अंगनामा यसरी व्यक्त गर्ने गरिएको छ :

*आनन्द बाजन बाजत सखी सब आनन्द हे*
*आनन्द अहीक अपार उमरी चारु आनन्द हे*
*सिया हे सिया अहा पाबि गेलहुँ राम सन वर हे सिया*
*अवधपुरी सन सासुर सिया , जनकपुरी नैहर हे सिया*
*........ ।*

# आफ्नै जग्गा खाली गराउन प्रहरीले लखेट्ने गरेको गुनासो

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममै नगरवासीहरुले प्रहरीबाट पीडित रहेको आरोप लगाएका छन् ।

जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २३ स्थित लादोबेलावासीले आफूहरुलाई आफ्नै जग्गा खाली गराउन प्रहरी प्रशासन रात परेपछि लखेट्ने गरेको गुनासो गरेका छन् । ३० वर्ष अगाडि जग्गा मोल लिएर बसोबास गर्दै आए पनि प्रहरी प्रशासनले आफूहरुलाई अचानक अहिले आएर लखेट्न राति- राति आउने गरेको आरोप स्थानीय मुस्लिम राईनले लगाए ।



राइनले जनाए अनुसार तत्कालीन बिन्धी गाविसका जमिन्दार हरिहर प्रसाद रेग्मीको १८ कठ्ठा जग्गा थियो । अहिले रहेको मस्जिदको सडकको पारीपट्टीको त्यो १८ कठ्ठाको प्लटबाट जग्गा मोल किनेर त्यहाँका स्थानीय बास बसेका थिए । राइनले भने 'आफू रेग्मीजीको कार्यकर्ता थिएँ, उनकै आदेशानुसार मैले रुपैयाँ लिएर जग्गा रजिष्ट्री गराएको थिएँ ।' ३० वर्ष अगाडि उहाँबाट जग्गा किने, पछि रेग्मीजी यहाँ नरहेको भन्दै हामी घर बनाएर बस्न थाल्यौं ।' तर उनको नाती अचानक अहिले आएर मेरो १४ धुर जग्गा यसमा बाँकी छ, मलाई दिनु पर्‍यो भन्दै परेशान गर्ने गरेको राइनले बताए । उनले प्रहरी प्रशासन समेत पैसाबलाको बोली सुनेर राति राति लखेट्नका लागि आउने गरेको दुःखेसो पोखे ।

यता जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २३ स्थानीय नेता रञ्जीत चौधरीले जिल्ला प्रहरीले यहाँका गरिब तथा विपन्न परिवारलाई राति राति आएर धपाउने, मानसिक यातना दिने, कुटपिट गरी परेशान गर्ने गरेको प्रहरीमाथि आरोप लगाए ।

# निःशुल्क स्वास्थ्य शिविर तथा आगन्तुक सहायता कक्षको आयोजना

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल भारत खुला सिमा संवाद समूह र क्लोथ बैंक धनुषा नेपालको संयुक्त आयोजनामा जनकपुरधाम स्थित गोपाल धर्मशाला, राम चाकमा निःशुल्क स्वास्थ्य शिविर तथा आगन्तुक सहायता कक्षको आयोजना गरिएको छ ।

सीताराम विवाह पञ्चमी महोत्सवमा आउने श्रद्धालु भक्तजनहरुलाई स्वास्थ्यको सुविधाका साथै सहयोगको अभिप्रायका साथ बिहीबारदेखि सम्वाद समूह र क्लोथ बैंकका अध्यक्ष डा. राजीव झाले उद्घाटन गर्दै सुरुवात गरेका छन् । उद्घाटन गर्दै अध्यक्ष झाले शिविरमा स्वास्थ्य




सेवा लिन र आगन्तुक सहायता कक्षको लाभ उठाउन सबैमा अनुरोध गरेका थिए ।

सो कार्यक्रमका मुख्य उद्देश्यहरू मध्ये स्वास्थ्य सेवा, यात्री आवास, पानी, चिया तथा आवश्यक पर्नेलाइ जिल्ला भरी निःशुल्क एम्बुलेन्स सेवा पहुँच विहीन व्यक्तिहरूलाई सेवा प्रदान गर्ने, आगन्तुकलाई सहयोग गर्ने, र स्थानीय तथा क्षेत्रीय समुदायलाई निःशुल्क परामर्श उपलब्ध गराउनु समावेश छ ।

अध्यक्ष डा.झाले सामाजिक कार्यका लागि अग्रसर यी संस्थाहरूले स्थानीय जनताको जीवनमा सुधार ल्याउने उद्देश्यले यस्ता कार्यक्रमलाई निरन्तरता दिने प्रतिवद्धता पनि व्यक्त गरेका छन् । सो कार्यक्रममा क्लोथ बैंकका कोषाध्यक्ष रुबि झा, कार्यक्रम संयोजक रञ्जीत झा, कृष्णकुमार साह इन्जिनियर मनिष ठाकुर, धनेश्वर ठाकुर, नेपाल भारत खुला सिमा संवाद समूहका प्रदेश सहसंयोजक दीपक यादवलगायतको उपस्थिति रहेको थियो ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८